# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ४० | काठमाडौं | सोमबार, १९ जेठ २०८२ | Prabhab National Daily | Monday, Jun 02, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# राजावादीको आन्दोलन फेरि 'अराजक' बन्दै

- निषेधित क्षेत्र तोड्ने प्रयास निरन्तर
- कमल थापालगायत नेता भीडलाई उक्साउ उद्धत
- नारायणचौरबाट पक्राउ परेका थापा साँझ रिहा

■ **जेबी योञ्जन**

**काठमाडौं–** इतिहास भइसकेको राजतन्त्र फर्काउने भनेका राजतन्त्रपक्षधरहरूले आन्दोलनलाई हरेक दिन 'अराजक' बनाउँदै लगेका छन् । आन्दोलनको अग्रमोर्चामा देखिएका नेताहरूले शान्ति सुव्यवस्थामै खलल पुग्नेगरी उत्तेजक भाषण पनि दिइरहेका छन् । प्रशासनले तोकेको निषेधित क्षेत्रसमेत तोड्न उनीहरू उद्धत देखिएका छन् ।

आइतबार पनि भीडलाई उत्तेजित पार्ने र निषेधित क्षेत्र तोड्न उक्साउने अभिव्यक्ति राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालका अध्यक्ष कमल थापाले दिए । सोही कारण उनलाई प्रहरीले पक्राउ गर्‍यो । काठमाडौंको नारायणचौर क्षेत्रबाट उनले नेतृत्व गरेको जुलुस बालुवाटारतर्फ अघि बढिरहेको थियो । त्यहीबेला निषेधित क्षेत्र तोड्न भीडलाई उक्साउने अभिव्यक्ति दिँदै अघि बढेपछि बल प्रयोग गरेर उनलाई प्रहरीले पक्राउ गरेको हो । प्रहरी भ्यानमा राखिँदै गर्दा उनले सरकारविरुद्ध नाराबाजी गर्दै भने, 'भ्रष्ट सरकार मुर्दावाद !, प्रहरी दमन मुर्दावाद !'

## कोटेश्वर, बल्खु र सिफलमात्रै प्रदर्शनस्थल

राजावादीको आन्दोलन अराजक बन्दै जाँदा काठमाडौं प्रशासनले प्रदर्शनस्थल तोकेको छ । काठमाडौंको कोटेश्वर, बल्खु र सिफलचौरलाई प्रदर्शनस्थल तोकेको हो ।

आइतबार एक विज्ञप्ति जारी गर्दै जिल्ला प्रशासन कार्यालय काठमाडौंले दुई महिनासम्मका लागि ती क्षेत्रमामात्रै प्रदर्शन गर्न भनेको हो । स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा (३) अनुसार काठमाडौंका यी क्षेत्रमा प्रदर्शनका लागि आदेश जारी गरिएको हो । यीबाहेकका सबै क्षेत्र निषेधित क्षेत्र भएका हुन् ।

आदेशमा भनिएको छ, 'कोटेश्वर आकाशे पुलदेखि दक्षिण बालकुमारीतर्फको क्षेत्र, बल्खु क्षेत्र र सिफल चौर क्षेत्रमा प्रदर्शन गर्न आदेश जारी गरिएको हो ।' राजावादीहरूले काठमाडौं बन्द घोषणा गर्नुअघि नै प्रशासनले निषेधित क्षेत्र र खुला क्षेत्र (प्रदर्शनस्थल) तोकिदिएको हो ।

थापा ती नेता हुन्, जसले २०६२/६३ को जनआन्दोलनलाई गृहमन्त्री छँदा बल प्रयोग गरेर दबाउन प्रयास गरेका थिए । तर, त्यसबेला उर्लिएको जनसागरसामु उनको सीप चलेन । तत्कालीन राजा ज्ञानेन्द्र शाह नारायणहिटी राजदरबार छाडेर नागार्जुन पुगे । गृहमन्त्री रहेका थापा राजनीतिको किनारामा परे । उनै थापा यतिबेला फेरि ज्ञानेन्द्रलाई राजगद्दीमा बसाउन आन्दोलनको मोर्चामा छन् ।

उनी नवराज सुवेदीको संयोजकतत्वमा गठित 'संयुक्त जनआन्दोलन' समितिको नेतृत्वमा भएको आन्दोलनको एक जिम्मेवार नेता हुन् । २०७८ मा भएको राप्रपा महाधिवेशनमा ज्ञानेन्द्र शाहलाई चुनावी हस्तक्षेप गरेको आक्षेप लगाउँदै थापा गणतन्त्रको पक्षमा उभिएका थिए । त्यसबेला उनले मार्ग परिवर्तन गरेको भनेका थिए । तर, यतिबेला भने संवैधानिक राजसंस्थाको एजेण्डा बोकेर ज्ञानेन्द्रलाई तेस्रोपटक राजा बनाउने आन्दोलनमा छन् ।

आन्दोलनको चौथो दिनमा भने उनी पक्राउ परेका हुन् । उनलाई भेट्न काठमाडौं प्रहरी परिसरमा राप्रपा सांसद दीपक सिंह पुगेका थिए । उनलाई पनि प्रहरीले पक्राउ गरेर हिरासतमा राख्यो ।

क्रमशः पृष्ठ २ मा

राइड सेयरिङसम्बन्धी नियमावलीको विरोध

# यात्रुप्रति गैरजिम्मेवार बनेर सवारीसाधन ग्यारेजमा थन्क्याउँदै यातायात व्यवसायी



सार्वजनिक बसले सामान ढुवानी गर्न पाउँदैन । त्यस्तै रातो प्लेटले मान्छे बोक्न पाउँदैन । तर यहाँ सरकारले विवादास्पद कानुन बनाएर बोक्न दिन लागेको छ । यो पाउँदैन । हामीले पोखरा ठप्प पार्दा पनि यो कुराको सुनुवाइ भएन । अब हामी सडकमै उत्रन्छौं ।

■ **विजय स्वाँर**
अध्यक्ष, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ



कानुन जनताको आवश्यकता र मागअनुसार समयानुकूल परिवर्तन हुनसक्ने गतिशील दस्तावेज हो । प्रदेश सरकारले जारी गरेको कानुनबाट कुनै पनि पक्षलाई असर पर्न गएको अवस्थामा खुलास्रुपमा छलफल गर्न प्रदेश सरकार सदैव तयार रहेको छ ।

■ **कमलकुमार अधिकारी**
सचिव, यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश



रातो नम्बर प्लेटका सवारीसाधनले वर्षौंदेखि कानुनविपरीत यात्रु बोक्ने काम गरिरहँदा थाहा नपाएझैं गरेर बसेका यातायात व्यवसायीले अहिले सेयरिङ र सेल्फ ड्राइभको विरोध गर्नु भनेको भाडाका ट्याक्सी वा अन्य सार्वजनिक सवारीसाधनले ठग्न पाएन भन्नु हो ।

■ **प्रेमलाल महर्जन**
अध्यक्ष, राष्ट्रिय उपभोक्ता मञ्च

■ **विविशा पौडेल**

**काठमाडौं–** यातायात व्यवसायीले आजबाट देशभर सार्वजनिक यातायात अनिश्चित्‌कालसम्म नचलाउने घोषणा गरेका छन् । गण्डकी प्रदेश सरकारले राइड सेयरिङलाई वैधानिकता दिन जारी गरेको यातायात नियमावलीको विरोधमा यातायात व्यवसायीसम्बद्ध संस्थाहरुले आन्दोलन घोषणा गरेका हुन् ।

आइतबार यातायात व्यवसायसँग सम्बन्धित आठ घटक संगठनले संयुक्त विज्ञप्ति जारी गर्दै सवारीसाधन ग्यारेजमा राखी आन्दोलन गर्ने जनाएका छन् । 'हाम्रा सवारीसाधन मिति २०८२ जेठ १९ गतेदेखि घर, ग्यारेजमा थन्क्याएर आन्दोलनमा उत्रिने निर्णय गरिएकोले यसबाट पर्न जाने असरको सम्पूर्ण जिम्मेवार नेपाल सरकार नै हो,' विज्ञप्तिमा भनिएको छ । यसरी विज्ञप्ति जारी गर्नेमा सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपाल, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, नेपाल यातायात व्यवसायी महासंघ, नेपाल यातायात स्वतन्त्र मजदुर संगठनलगायतका संगठन रहेका छन् ।




**सार्वजनिक सवारी नचलाउँदा सुनसान बनेको पोखराका सडक ।** *तस्बिरः सामाजिक सञ्जाल*

गण्डकी सरकारले जेठ १ गते 'राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२' प्रदेश राजपत्रमा प्रकाशित गरेको थियो । त्यसको विरोधस्वरूप यातायात व्यवसायीले गण्डकी प्रदेशमा शुक्रबारदेखि सार्वजनिक यातायात ठप्प पारेको थियो ।

क्रमशः पृष्ठ २ मा

## वार्तामा आउन गण्डकी सरकारको आह्वान

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले आन्दोलनरत यातायात व्यवसायीलाई वार्तामा आउन आह्वान गरेको छ । मन्त्रालयले आइतबार पत्रकार सम्मेलन गर्दै आन्दोलनरत व्यवसायीलाई फेरि वार्तामा बोलाएको हो । मन्त्रालयका सचिव एवं वार्ता समितिका संयोजक कमलकुमार

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# कोरियाले 'रूट इण्डस्ट्री'को वेल्डिङमा ५० नेपाली लैजाने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिण कोरियाले 'रुट इण्डस्ट्री'को वेल्डिङ क्षेत्रमा नेपाली श्रमिक लैजाने भएको छ । वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले आइतबार तालिमका लागि आवेदन आह्वान गरेको छ । आवेदन फाराम आज सोमबारदेखि यही जेठ २३ गते शुक्रबारसम्म भर्न सकिने शाखाको सूचनामा उल्लेख छ । सूचनामा उल्लेख भएअनुसार तालिमपश्चात् छनोट भएका ५० जनाले रोजगारीका लागि कोरिया जाने अवसर पाउने छन् । आवेदनका अनलाइन फाराम भर्नुपर्ने जनाइएको छ ।

कोरियाले सन् २०२४ बाट नेपालीहरुलाई 'रुट इण्डस्ट्री'मा लाग्न थालेको हो । उत्पादन क्षेत्रअन्तर्गत पर्ने यो क्षेत्रमा विशेषगरी धातुसँग सम्बन्धित काम गरिन्छ । त्यहाँ धातुलाई पगाल्ने र विभिन्न आकार दिने काम हुन्छ । विभिन्न उपकारण बनाउन चाहिने अत्यावश्यक पार्टपुर्जा 'रुट इण्डस्ट्री'ले तयार गर्छ । उच्च तापक्रममा फलामसँग काम गर्नुपर्ने भएकाले उत्पादनक्षेत्रका अन्य कामको तुलनामा रुट इण्डस्ट्रीको कामलाई गाह्रो मानिन्छ ।

- इपिएस कोरिया शाखाद्वारा तालिमका लागि आवेदन आह्वान
- १२० घण्टाको वेल्डिङ र १२० घण्टाको कोरियन भाषा तालिम दिइने
- १८ देखि ३९ वर्ष उमेर भएका व्यक्तिले आवेदन दिन सक्ने
- न्यूनतम १२ कक्षा उत्तीर्णले मात्र तालिममा आवेदन दिन सकिने

यस क्षेत्रमा पनि नेपाल सरकार र कोरियन सरकारबीच भएको समझदारीपत्रअनुरूप इपिएस प्रणालीमार्फत श्रमिक लग्ने गरिन्छ । सूचनामा जनाएअनुसार १८ वर्ष पूरा भइ ३९ वर्ष ननाघेका व्यक्तिले आवेदन दिन सक्ने छन् । आवेदकले न्यूनतम १२ कक्षा पास गरेको र नेपाल या कोरियामा कम्तीमा एक महिनाको व्यावसायिक तालिम लिएको हुनुपर्ने छ ।

### कसरी गरिन्छ छनोट ?

आवेदकले पेस गरेको कागजातको मूल्यांकन गरी उनीहरुलाई अंक प्रदान गरिन्छ । प्रदान गरिएको अंकभारका आधारमा तालिमका लागि छनोट गरिने जनाइएको छ । उदाहरणका लागि आवेदकको शैक्षिक योग्यता स्नातक तह उत्तीर्ण भए ३० अंक दिइन्छ र १२ कक्षामात्र पास गरेको भए २० अंक दिइन्छ ।

क्रमशः पृष्ठ २ मा

# भोजपुरका नौवटै स्थानीय तहमा सुरक्षित आप्रवासन कार्यक्रम



**भोजपुर–** वैदेशिक रोजगारलाई सुरक्षित र प्रभावकारी बनाउने विषयमा सचेतना जगाउन यहाँ सुरक्षित आप्रवासन (सामी) कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।

कार्यक्रम संयोजक कर्ण पुलामी मगरले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन जनस्तरसम्म सचेतनाका कार्यक्रम सञ्चालन भइरहेको बताए । विगतमा यहाँका चारवटा स्थानीय तहमा मात्र सञ्चालन भइरहेको कार्यक्रमलाई अब नौवटै स्थानीय तहमा विस्तार गरिएको छ ।

यहाँका आप्रवासी स्रोत केन्द्रबाट वैदेशिक रोजगारीसम्बन्धी परामर्श, वैदेशिक रोजगारीका सिलसिलामा ठगिएकालाई निःशुल्क कानुनी सेवाका लागि सहजीकरण, वैदेशिक रोजगारीमा रहँदा अंगभंग भएका तथा मृत्यु भएकाहरूलाई क्षतिपूर्तिका लागि पहल गरिदिनेलगायतका काम भइरहेको छ ।

क्रमशः पृष्ठ २ मा

ह्युमन राइट्स वाचले भन्यो–

# अत्यधिक तापक्रमका कारण खाडीमा विदेशी कामदार जोखिममा




- सुरक्षा सावधानीविनै श्रमिकहरूलाई अत्यधिक तापक्रममा श्रम गर्न लगाइरहेको भनाइ
- मौसमजन्य समस्यालाई सम्बन्धित पक्षले असावधानी देखाइदिँदा मिर्गौला फेल हुने र अन्य दीर्घरोगबाट पीडित हुने गरेको उल्लेख
- मध्य जुनदेखि मध्य सेप्टेम्बरसम्म 'मध्याह्न ब्रेक' नीतिअनुरूप दिउँसो काममा नलगाउन आग्रह

**लेबनान–** खाडीमा आप्रवासी कामदारहरू अत्यधिक गर्मीका कारण जोखिममा रहेको ह्युमन राइट्स वाचले आइतबार जनाएको छ । सुरक्षा सावधानीविनै श्रमिकहरुलाई अत्यधिक तापक्रममा श्रम गर्न लगाइरहेको भन्दै यसबाट सुरक्षा प्रदान गर्न सम्बन्धित देशहरूलाई आग्रह गरेको छ ।

पृथ्वीको सबैभन्दा तातो क्षेत्रहरूमध्ये एक मानिने मध्यपूर्वका संयुक्त अरब इमिरेट्स, साउदी अरब, कतार र कुवेतमा आप्रवासीहरूले श्रमशक्तिको ठूलो हिस्साको प्रतिनिधित्व गर्छन् ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमश:

### यात्रुप्रति...

यस सम्बन्धमा प्रदेशदेखि संघीय सरकारसम्म पटक-पटक ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ नभएको व्यवसायीको आरोप छ । 'राइड सेयरिङको नाममा निजी प्रयोजनका लागि खरिद गरिएका पुराना १० वर्षे दुईपांग्रे सवारीसाधन, १५ वर्ष पुराना निजी चारपांग्रे सवारीसाधनलाई भाडाका सवारीसाधनसरह प्रयोग गर्ने गरी नियमावली बनाएर कार्यान्वयनतर्फ अगाडि बढेको हुँदा गण्डकी प्रदेश सरकार, संघीय सरकारका सम्बन्धित मन्त्रालयहरुमा मागपत्रसहित पटक-पटक ध्यानाकर्षणपत्र बुझाइ यथाशीघ्र समस्या समाधान गर्न अनुरोध गर्दा पनि सुनुवाइ नभएको हुँदा यातयात व्यवसायी, मजदुरका समस्या राखी सातबुँदे मागपत्र नेपाल सरकारसमक्ष पेस गरेका छौं,' विज्ञप्तिमा भनिएको छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजय स्वाँरले गण्डकी प्रदेश सरकारले संविधानको धारा ५७ को उपधारा ६, उपधारा ३ वा ५ र सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को परिच्छेद २ को दफा ८ को २ र दफा १२ को १ विपरीत निजी सवारीलाई सार्वजनिक यातायातसरह मान्यता दिएको भन्दै आन्दोलनमा जान बाध्य हुनुपरेको बताए । 'हामीले रातो प्लेटलाई सेयरिङ राइडका लागि अनुमति दिनुहुन्न भनेर भनेका हौं । संघीय ऐनमा यो प्रस्ट छ । तर गण्डकी प्रदेश सरकारले हाम्रो माग सुन्दै सुनेन,' अध्यक्ष स्वाँरले प्रभावसँग भने ।

नियमावली राजपत्रमा प्रकाशित भएपछि यातायात व्यवसायीले जेठ ८ गते मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र भौतिक पूर्वाधार विकास तथा यातायातमन्त्री प्रकाशबहादुर केसीलाई ज्ञापनपत्र बुझाएका थिए । यसबारे छलफल गर्न यातायात मन्त्रालयले जेठ १३ गते वार्ता समिति बनाएर १४ गते वार्तामा व्यवसायीलाई बोलाएको थियो ।

उपभोक्तावादीहरुले भने सार्वजनिक यातायात व्यवसायीहरुले यात्रुप्रति गैरजिम्मेवारीपन देखाएको आरोप लगाएका छन् । राष्ट्रिय उपभोक्ता मञ्चले राइड सेयरिङसम्बन्धी नियमावलीमा चित्त नबुझे कानुनी उपचारमा नलागी आन्दोलनमा उत्रने यातायात व्यवसायीहरुको कदम गलत भएको बताएको छ । मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले गत शुक्रबार एक विज्ञप्ति जारी गर्दै रातो नम्बर प्लेटका सवारीसाधनले वर्षौंदेखि कानुनविपरीत यात्रु बोक्ने तथा सामग्री ढुवानीको काम गरिरहँदा थाहा नपाएझैं गरी बसेका व्यवसायीले अहिले आएर राइड सेयरिङको विरोध गर्नु औचित्यहीन भएको बताए ।

'अहिले सेयरिङ र सेल्फ ड्राइभको विरोध गर्नु भनेको भाडाका ट्याक्सी वा अन्य सार्वजनिक सवारीसाधनले ठग्न पाएन भन्नु हो,' उनले भने । प्रचलित कानुनको पालना गरी प्रतिस्पर्धात्मक बजारअनुसार स्वस्थ र स्वस्थ प्रतिस्पर्धा गरी उपभोक्तामुखी बजार निर्माणमा सबै पक्ष सहयोगी हुनुपर्नेमा उनको जोड छ ।

■■■

### वार्तामा आउन...

अधिकारीले बन्द हड्तालका कार्यक्रम स्थगित गरी वार्तामा आउन नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघलाई आह्वान गरेको बताए । उनले नियमावलीमा छलफल गरी संशोधन गर्न सकिने बताए । 'कानुन जनताको आवश्यकता र मागअनुसार समयानुकूल परिवर्तन हुनसक्ने गतिशील दस्तावेज हो । प्रदेश सरकारले जारी गरेको कानुनबाट कुनै पनि पक्षलाई असर पर्न गएको अवस्थामा खुलारूपमा छलफल गर्न प्रदेश सरकार सदैव तयार रहेको छ,' अधिकारीले भने ।

यातायात व्यवसायीसँग वार्ता गर्न मन्त्रालयले सचिव अधिकारीको संयोजकत्वमा पाँच सदस्यीय वार्ता टोली गठन गरेको थियो । उक्त टोलीले जेठ १४ गते यातायात व्यवसायीलाई वार्तामा बोलाएको थियो । तर, व्यवसायीले सातबुँदे मागसहित पत्रको जवाफ पठाउँदै वार्तामा सहभागी भएका थिएनन् । वार्तामा सहभागी नभएका उनीहरूले १६ गतेदेखि गण्डकी प्रदेशभरि सार्वजनिक यातायात ठप्प पारेका छन् ।

■■■

### राजावादीको...

काठमाडौं प्रहरी परिसरका प्रवक्ता अपिलराज बोहराले शान्ति सुव्यवस्थामै गम्भीर चुनौती निम्तिनेगरी भीडलाई उत्तेजित पार्ने र अराजकताउन्मुख भएपछि दुवै नेतालाई नियन्त्रणमा लिएको बताए । उनका अनुसार अन्य पाँच जना राजतन्त्रपक्षधरहरू पनि पक्राउ परेका थिए । आइतबार राति भने उनीहरूमध्ये एक जनाबाहेकलाई जिम्मा जमानीमा छाडिएको बोहराले जानकारी दिए ।

'उहाँहरूलाई हामीले अराजकता र उच्छृंखलता प्रदर्शन गरेपछि सोधपुछका लागि नियन्त्रणमा लिएका थियौं । जिम्मा जमानीमा छाडेका छौं, एक जनामाथि थप अनुसन्धान भइरहेको छ,' उनले प्रभावसँग भने ।

आन्दोलनको क्रममा प्रहरीले थापासँगै ललितपुर घर भएकी ६२ वर्षीया शिला राणा, भक्तपुर घर भएका रामचन्द्र लामिछाने, टोखाका विनोद कपाली र भक्तपुरका सरोज तिमिल्सिनासँगै डा. राजीव झालाई नियन्त्रणमा लिएको थियो । तर, डा. झाले मादकपदार्थ सेवन गरेको पाइएकाले उनलाई अनुसन्धानका लागि हिरासतमै राखिएको बोहराले बताए । यसअघि शनिबार पनि राजतन्त्रपक्षधरले गरेको आन्दोलनमा केहीबेर झपड भएको थियो । केही नेता कार्यकर्ता घाइते भएका थिए । आइतबार भने थापासहितका नेताहरू नै पक्राउ परेका हुन् ।

यसलगत्तै राप्रपाको आकस्मिक बैठक बसेको थियो । बैठकपछि अध्यक्ष राजेन्द्र लिङ्देनले आज (सोमबार) साँचो लडाइँ हुने चेतावनी दिएका छन् । राजावादीहरूले पनि आजका लागि काठमाडौंमा बन्द घोषणा गरेका छन् । राजावादीहरूले थापासहितका नेताहरूको पक्राउलाई विचारको निषेध भनेर आलोचना गरे । उनीहरू यही १५ जेठयता लगातार आन्दोलित छन् । राजतन्त्र फर्काउने उनीहरूको प्रतिज्ञा छ ।

देशको खराब स्थितिको चित्रण गर्दै उनीहरूले गणतन्त्र संकटमोचनको आधार नबनेको भन्दै राजतन्त्र फर्काउने दाबी गर्दै आएका छन् । त्यसका लागि काठमाडौंबाहिरबाट पनि पार्टीका नेता कार्यकर्तालाई आन्दोलनमा सहभागी गराएका छन् । आन्दोलन क्रमिकरूपमा अराजकतातर्फ उन्मुख देखिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले अराजकतालाई नियन्त्रण गर्ने दायित्व सरकारको भएको र त्यसका लागि सरकार सक्षम रहेको यसअघि नै चेतावनी दिइसकेका छन् । गृहमन्त्री रमेश लेखकले पनि अराजकता सह्य नहुने बताएका छन् ।

यस्तोमा प्रमुख विपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले राजावादीहरू आइलागे नछोड्न पार्टीको युवा संगठन योङ कम्युनिस्ट लिग (वाइसिएल)लाई निर्देशन दिएका छन् । 'हामी उनीहरूको सभा र आन्दोलनमा जाइलाग्नेचाहिँ होइन, आक्रमण गर्ने भन्न मैले खोजेको होइन तर उनीहरू छाडा भएका छन्,' दाहालले वाइसिएलको तेस्रो सम्मेलनलाई आइतबार सम्बोधन गर्दै भने, 'छाडा भएर हामीमाथि आक्रमण गर्ने कोसिस गर्दै छन् । यदि उनीहरू आइलाग्छन् भने इँटाको जवाफ पत्थरले दिने तयारी गर्नुहोस् ।'

१५ जेठ २०६५ मा संविधानसभाको पहिलो बैठकले राजतन्त्रको अन्त्य भएको घोषणा गरेको थियो । अर्थात्, गणतन्त्र स्थापनाको घोषणा त्यसबेला भएको थियो । तर, गणतन्त्र स्थापना भएको १८औं वर्ष हुँदा राजावादीहरूले गतिविधि बढाएका हुन् । यसमा पूर्वराजा शाहको भूमिका रहेको गणतन्त्रपक्षधर दलहरूको ठहर छ ।

■■■

### कोरियाल ...

त्यस्तै, कोरियन भाषामा टोपिक लेभल पाँच या सोभन्दा माथिल्लो तह पास गरेको भए ३० अंक, लेभल फोरलाई २४, लेभल थ्रीलाई १८, लेभल टुलाई १२ र लेभल वानलाई छ अंक दिइन्छ । यसरी अनुभव, व्यावसायिक तालिम, भाषा परीक्षाको किसिमलगायत पाँच वटा शीर्षकका आधारमा अंक प्रदान गरेर उत्कृष्ट ५० जनालाई छनोट गरेर 'सर्ट लिस्ट' निकालिन्छ । नाम निस्किएकाहरु पुलिस रिपोर्ट र स्वास्थ्य परीक्षणमा पनि उत्तीर्ण हुनुपर्ने हुन्छ । त्यसपछि उनीहरुको अन्तर्वार्ता लिइन्छ । अन्तर्वार्तामा कोरियन भाषाको दक्षता, सम्बन्धित क्षेत्रको सीप, आचरणजस्ता मापदण्डको मूल्यांकन गरिन्छ ।

यसपटक बढिमा ५० जना छनोट गर्ने र त्यसपछिको उत्कृष्ट अंक ल्याउने सात जना वैकल्पिक उम्मेदवारको रूपमा छनोट गर्ने जनाइएको छ । छनोट भएका उम्मेदवारलाई रूपन्देहीको बुटवल, तामनगरस्थित कोरिया-नेपाल बहुप्राविधिक शिक्षालयमा १२० घण्टाको वेल्डिङ र १२० घण्टाको कोरियन भाषा तालिम दिइने छ । तालिममा कम्तीमा पनि ८० प्रतिशत उपस्थित भएको र सो क्रममा लिइएको परीक्षामा ६० प्रतिशतभन्दा बढी अंक प्राप्त गर्नुपर्ने प्रावधान रहेको छ ।

उक्त तालिमका लागि लाग्ने शुल्क भने व्यक्ति स्वयंले व्यहोर्नुपर्ने भनिएको छ । आवासीय सेवा नलिए न्यूनतम ५५ हजार ५०० रूपैयाँ शुल्क र आवासीय सेवा लिनुपरे न्यूनतम ८८ हजार रूपैयाँ तिर्नुपर्ने जनाइएको छ । तालिममा सफल भएर रोस्टरमा नाम निस्किए पनि राजगारदाताको छनोटमा नपरेसम्म भने कोरिया जान पाउने सुनिश्चित नहुने इपिएस कोरिया शाखाले प्रस्ट पारेको छ ।

■■■

### भोजपुरका...

त्यस्तै विप्रेषणलाई आयमूलक क्षेत्रमा खर्च गर्न वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा सञ्चालन गर्नेलगायतका काम भइरहेको जनाइएको छ । सरकारको ७० प्रतिशत र स्वीस सरकारको ३० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन भइरहेको हो । वैदेशिक रोजगारलाई सुरक्षित बनाएर आयआर्जनमा वृद्धि गर्दै भविष्यमा सहज जीविकोपार्जनका लागि कार्यक्रमले टेवा पुऱ्याएको भोजपुर नगरपालिकाका प्रमुख कैलाशकुमार आलेले बताए । वैदेशिक रोजगार रहर नभएर बाध्यता भएकाले यसलाई सुरक्षित र व्यवस्थित बनाउन आवश्यक रहेको उनको भनाइ छ ।

जिल्लामा रहेको आप्रवासी स्रोत केन्द्रबाट ६७ प्रतिशत पुरुष र ३३ प्रतिशत महिलालाई सुरक्षित वैदेशिक रोजगारसम्बन्धी परामर्श प्रदान गरिएको जनाइएको छ । जिल्लाबाट गत आर्थिक वर्षमा सात हजार २४२ जना वैदेशिक रोजगारमा गएको तथ्यांक छ । *रासस*

■■■

### अत्यधिक...

यहाँ ग्रीष्मकालीन तापमान प्राय: ५० डिग्री सेल्सियससम्म पुग्छ । धनी खाडी मुलुकहरू निर्माण क्षेत्रमा काम गर्ने लाखौं आप्रवासी कामदारहरूमा अत्यधिक निर्भर छन् । त्यहाँ निर्माण क्षेत्रमा काम गर्ने अधिकांश श्रमिक नेपाल, भारत, पाकिस्तानलगायतका एसियाली मुलुकका रहेका छन् । गत महिना संयुक्त अरब इमिरेट्स (युएई) ले लगातार दोस्रो दिन मे महिनाको तापक्रम ५१.६ डिग्री सेल्सियस मापन गरेको थियो ।

'जलवायु संकटका कारण हुने अत्यधिक गर्मीको चपेटामा परेका लाखौं आप्रवासी कामदार हरूको व्यावसायिक स्वास्थ्य र सुरक्षा विपत्तिलाई हरेक ग्रीष्मऋतुले चुनौती दिने गरेको छ,' एचआरडब्ल्युका मध्यपूर्वका उपनिर्देशक माइकल पेजले भने, 'खाडी मुलुकहरू प्रमाणमा आधारित श्रम सुरक्षामा पछि हटिरहेका छन् भने सम्भावित सुरक्षा उपायलाई अवलम्बन नगरिँदा आप्रवासी कामदारले अनावश्यकरूपमा ज्यान गुमाउने गरेका छन् । यस मौसमजन्य समस्यालाई सम्बन्धित पक्षले असावधानी देखाइदिँदा मिर्गौला फेल हुने र अन्य दीर्घरोगबाट पीडित हुने गरेका छन् ।'

श्रमिकहरूको सुरक्षाका लागि राज्यहरूले लामो समयदेखिको 'मध्याह्न ब्रेक' नीतिअनुरूप मध्य जुनदेखि मध्य सेप्टेम्बरसम्म काम गर्न प्रतिबन्ध लगाएको छ । आप्रवासी श्रमिकको अधिकारभित्र पर्ने यो नीति पालना नगरे दण्डित हुनुपर्ने प्रावधान छ । तर यी मुलुकहरुले नीतिको बेवास्ता गरेको वाचको ठहर छ । अर्कोतर्फ जलवायु परिवर्तनको जोखिममा रहेकाले खाडीमा अत्यधिक गर्मीको अवस्था आजभोलि मे महिनादेखि नै सुरू हुन थालेको छ । यसले कामदारको स्वास्थ्यमा प्रतिकूल असर पारिरहेको छ ।

न्युयोर्कस्थित अधिकारवादी समूहले कुवेतका एक इलेक्ट्रिसियनसँग लिएको अन्तर्वार्तामा गर्मीको महिनामा काम गर्दा 'चक्कर आउने, वान्ता हुने, टाउको दुख्ने र आँखा धमिलो हुने' र 'गर्मीका कारण धेरै मानिस ढल्ने' महसुस हुने बताएका छन् । एक पूर्वकन्स्ट्रक्सन कामदारका अनुसार अत्यधिक गर्मीमा आराम गरेको भेट्टाएर कम्पनीले उनको दुई दिनको ज्याला कटौती गरिदिएको थियो ।

एचआरडब्ल्युले 'क्यालेण्डर-आधारित मध्याह्न प्रतिबन्धहरू' अन्य समयमा पनि गर्मीको तनाव मापन गरी जोखिम नियन्त्रणका लागि उपायहरू अवलम्बन गर्न आग्रह गरेको छ ।

बारम्बार आउने उष्ण लहर विश्वव्यापी तापक्रम वृद्धिको प्रभावका कारण देखिने गरेको र यो लामो र अधिक तीव्र हुन थालेको वैज्ञानिकहरूले बताएका छन् । विगत तीन दशकमा विश्वमा अत्यधिक गर्मी हुने दिनको संख्या झण्डै दोब्बर भएको छ । संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय श्रम संगठनको सन् २०२४ को एक प्रतिवेदनअनुसार अरब मुलुकका रहेका आप्रवासी कामदारहरूले विश्वमा सबैभन्दा बढी गर्मीको तनावको सामना गर्नुपरेको छ । *रासस/एएफपी*


**कतारमा रोजगार** कम्पनी : JOINT POWER AUTO MOTIVE

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ LT. No. 324883 चलानी नं. ६०२३८८१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Tech/Plumber | 1 | 0 | 1200 | ४५,०८२ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gateman | 2 | 0 | 1700 | ६३,८६७ | | | | | | | |
| 3 | Labourer | 6 | 0 | 1000 | ३७,५६९ | | | | | | | |
| 4 | Mechanics | 2 | 0 | 1500 | ५६,३५३ | | | | | | | |
| 5 | Technician | 2 | 0 | 1500 | ५६,३५३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २६ गते (9th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



**साउदीमा रोजगार** कम्पनी : Company Mesharia Al Banna Britain for contracting — सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०८/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/१८ LT. No. 314672 चलानी नं.६०२२९०८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६५,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Establishment Al Munzal AlKudaimfor Meals — सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०२/०८ LT. No. 324182 चलानी नं.६०२३८८२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ३६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Restaurant Al Khobaza Al Dhahbia for Meals — सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०२/१४ LT. No. 324680 चलानी नं.६०२३८८२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Perfect Blasting for Industrial Services Company, A Branch of Esnadee Trading and Contracting Company — सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०२/१४ LT. No. 324681 चलानी नं.६०२३८८२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Spray Painters | 3 | 0 | 1200 | ४३,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Establishment Madhi A. Rahman Alkhamees for Contracting. — सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/०२/१४ LT. No. 324682 चलानी नं.६०२३८३४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 2 | 0 | 1800 | ६५,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Adel Suleiman Abdulaziz Albassam For Air Conditioning and Cooling Company — सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ LT. No. 324899 चलानी नं.६०२३८८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 2 | 0 | 1000 | ३६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २७ गते (10th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४



**कतारमा रोजगार** कम्पनी : ISMAIL BIN ALI ALUMIIUM

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ LT. No. 32482 चलानी नं. ६०२३८८७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 5 | 0 | 1200 | ४५,०८० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1700 | ६३,८६५ | | | | | | | |
| 3 | Glass Technician | 4 | 2 | 1400 | ५२,५९५ | | | | | | | |
| 4 | Labour | 9 | 0 | 1000 | ३७,५७० | | | | | | | |
| 5 | Technician/gen | 8 | 0 | 1400 | ५२,५९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: सिंह ट्रेनिङ सेन्टर, धनुषा, जनकपुरमा मिति: २०८२ जेठ २६ गते (9th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1405/074/75
CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 813013135/ 9851083561/9802358807/9802358802
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com



**युएईमा रोजगार** कम्पनी : RAFIGA MASOOD Technical Services L.L.C S.O.C

पूर्व स्वीकृति मिति : २०८१/०२/१६ LT. No. 324909 चलानी नं. ६०२३८८६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bricklayer | 5 | 0 | 1200 | ४४,७१५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४४,७१५ | | | | | | | |
| 3 | Cleaner / Helper | 1 | 0 | 800 | २९,८१० | | | | | | | |
| 4 | Light Technician | 2 | 0 | 1200 | ४४,७१५ | | | | | | | |
| 5 | Wood Treater | 3 | 0 | 1200 | ४४,७१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २६ गते (9th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060



**कुवेतमा रोजगार** कम्पनी : Studio Lab Advertising and Publicity Company

पूर्व स्वीकृति मिति : २०८२/०२/१७ LT. No. 324852 चलानी नं. ६०२३८८६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Receptionist | 0 | 3 | 150 | ६६,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BEAK RESTAURANT TM

पूर्व स्वीकृति मिति : २०८२/०२/१७ LT. No. 324853 चलानी नं. ६०२३८८६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Line Cooks | 6 | 0 | 150 | ६६,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २६ गते (9th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com


# Ajirkot Rural Municipality
# Office of Rural Municipal Executive

Bhachchek, Gorkha
Gandaki Province, Nepal

## Invitation for Sealed Quotation

**Notice No: 09/ARM/2081/082**
**Date of Publication: 02-06-2025 (2082/02/19)**

1. Ajirkot Rural Municipality, Office of Rural Municipal Executive, Bhachchek Invites sealed quotation from eligible biders for the following Goods

| S. N. | IFB No. | Description of Goods | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Bid Security Validity Period (Days from the date of Bid Opening) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | ARM/SQ/GOODS/09/2081/082 | Procurement of Cold Room (Re) | 1000 | 50000 | 75 days | |

2. Date of Submission and Opening of Bid

| Last Bid Purchasing Date | Last Date of Submission of sealed bids | Date of Opening of sealed Bids | Employer's Bank Account Details for purchasing Bid documents | Employer's Bank Account Detail to Deposit Cash for Bid Security |
|---|---|---|---|---|
| Date: 16-06-2025 (2082-03-02) Time: 17:00 | Date: 17-06-2025 (2082-03-03) Time: 12:00 | Date: 17-06-2025 (2082-03-03) Time: 13:00 Venue: Ajirkot Rural Municipality, Office of Rural Municipal Executive, Bhachchek Gorkha | Name of Bank: Rastriya Banijya Bank Ltd. Office Name: Ajirkot Rural Municipality Office Code No. : 801043603 Revenue Account No : 3240100301010002 Account Name: AJIRKOT GA.PA.(GA-1-1) AANTARIK RAJSAWA Revenue Code No. : 14229 Revenue Head : Tender Form | Name of Bank: Rastriya Banijya Bank Ltd, Bhachchek, Gorkha Account Name: AJIRKOT GA.PA.(GA-3-1) DHARAUTI ACCOUNT Account No : 3240100303010002 |

3. Eligible Bidders may obtain further information and inspect sthe sealed quotation forms at the office of Ajirkot Rural Municipality, Office of Rural Municipal Executive, Bhachchek Gorkha or by reaching out to them at telephone 9856010055 or by dropping a mail at **ajirkotrm@gmail.com** or [may visit PPMO website www.bolpatra.gov.np]
4. If the last date of Bid Opening falls on a government holiday, then the next working day shall be considered as the last date in such case the validity period of the Bid Security shall remain same as specified for the original last date of Bid Submission.
5. Matters not covered by this notice shall be in accordance with public procurement act, 2063 and public procurement regulation 2064 and other prevailing rules and regulations.

**Chief Administrative Officer**

# राष्ट्रपति पौडेलले अवलोकन गरे भोटोजात्रा





**ललितपुर (प्रस)–** राष्ट्रपति रामचन्द्र पौडेलले भोटोजात्रा अवलोकन गरेका छन्। उनी आइतबार अपराह्न ललितपुरको जावलाखेलमा आयोजित भोटोजात्रा अवलोकनमा पुगेका हुन्। राष्ट्रपति पौडेललाई ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन र प्रमुख जिल्ला अधिकारी रमेश ढकालले स्वागत गरेका थिए।

हरेक वर्ष राष्ट्र प्रमुखको उपस्थितिमा मच्छिन्द्रनाथको रथमा उभिएर गुठी संस्थानका कर्मचारीले भोटो देखाउने परम्पराअनुसार राष्ट्रपति पौडेलको उपस्थितिमा भोटो देखाइएको हो। त्यस अवसरमा उनले रातो मच्छिन्द्रनाथको दर्शन गर्नुका साथै प्रसाद ग्रहण गरे। राष्ट्रपति पौडेलले जीवितदेवी कुमारीकोसमेत दर्शन गरे। भोटोजात्रा अवलोकन गर्न उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, सभामुख देवराज घिमिरे, राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाललगायत सहभागी थिए।

वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको रथलाई पुल्चोकबाट गावहाल, मंगलबजार, टंगाल इटीटोल, कुमारीपाटी मानभवनहुँदै जावलाखेल ल्याइएको चार दिनपछि भोटो देखाएर जात्राको समापन गरिने प्रचलनअनुसार यस वर्षको रथयात्रासमेत सम्पन्न भएको छ।

गत वैशाख १५ गते रातो मच्छिन्द्रनाथको मूर्तिलाई पुल्चोकमा रथारोहण गरेसँगै जात्रा सुरु भएको थियो। यसलाई नेपालको सबैभन्दा लामो जात्रा मानिन्छ। मच्छिन्द्रबहालस्थित मन्दिरबाट मूर्ति बोकेर रथारोहण गरेपछि उक्त जात्रा विधिवत्‌रूपमा सुरु भएको थियो। करिब एक हजार ६०० वर्षअघि सुरु भएको मछिन्द्रनाथको रथजात्रा वैशाख शुक्ल प्रतिपदामा सुरू भएर असार शुक्ल चौथीसम्म चल्छ। भोटो देखाएकै दिन मूर्तिलाई खटमा राखी बुङ्मती पुऱ्याउनुपर्ने परम्पराअनुसार आइतबार नै त्यहाँ पुऱ्याइएको छ।

# चौघरेमा मनाइयो ग्यावा उत्थान संघको स्थापना दिवस



**काठमाडौं (प्रस)–** ग्यावा तामाङ उत्थान संघले आफ्नो नवौं स्थापना दिवस ललितपुरको कोञ्ज्योसोम गाउँपालिकामा एक कार्यक्रम गरी मनाएको छ।

कोञ्ज्योसोम-१ चौघरामा शनिबार आयोजित कार्यक्रममा मन्तव्य राख्दै लेखक तथा अन्वेषक रवीन्द्र तामाङले स्थापनाकालदेखि नै संस्थाले प्रशंसनीय काम गर्दै आएको बताए। उनले तत्कालीन प्रधानमन्त्री जुद्दशमशेर राणाले मनिराम ग्यावालाई बिर्ता दिएर ललितपुरको उत्तरी क्षेत्रको तालुकदार बनाएको इतिहास सुनाए। उत्तरी क्षेत्रको भूमिकर उठाएर जावलाखेल दरबारमा धेरै कर बुझाउने भएकाले ललितपुरको राजा नै भनेर उनलाई सम्बोधन गर्ने गरेको इतिहास उनले उल्लेख गरे।

कार्यक्रममा कोञ्ज्योसोम १ नम्बर वडाका अध्यक्ष शंखलाल ग्यावा लामा, घिसिङ समाज नेपालका महासचिव दीपक घिसिङलगायतले मन्तव्य राखेका थिए। संघका महासचिव महेश ग्यावाले संस्थाको प्रगति विवरण प्रस्तुत गरेका थिए। संघका अध्यक्ष काजीमान ग्यावाले कार्यक्रममा सहभागीलाई धन्यवाद दिँदै आगामी दिनमा थप रचनात्मक काम गर्ने प्रतिबद्धता जनाए। अध्यक्ष ग्यावाका अनुसार चौघरेमा १७५ घरधुरी ग्यावा थरी तामाङहरुको बसोबास रहेको छ।

# सप्तकोशीमा डल्फिन गणना सुरु

**सुनसरी (प्रस)–** कोशी टप्पु वन्यजन्तु आरक्षले आइतबारदेखि सप्तकोशी नदीमा पाइने डल्फिनको गणना सुरु गरेको छ। आरक्षले सप्तकोशीमा पाइने डल्फिनको गणना प्रत्येक वर्ष गर्दै आएको छ। यहाँ पाइने गंगेटिक प्रजातिको डल्फिनको गणना यस वर्ष आरक्षले सुरु गरेको हो।

सप्तकोशीमा सन् २०२२ देखि नियमितरूपमा डल्फिनको गणना हुँदै आएको कोशी टप्पु वन्यजन्तु आरक्षका वरिष्ठ संरक्षण अधिकृत भूपेन्द्रप्रसाद यादवले जानकारी दिए। उनले यस वर्ष राष्ट्रिय प्रकृति संरक्षण कोष, कोशी प्रदेश कार्यालय तथा काठमाडौंस्थित हिमालयन नेचर संस्थालगायतको प्राविधिक सहकार्यमा सुरु गरिएको बताए। उनले चेतनशील स्तनधारी जलचरको रूपमा चिनिने डल्फिन दुर्लभ मानिने जानकारी गराए।

आरक्षका अनुसार गंगा सागरबाट कोशी नदीसम्मको यात्रा गर्ने यी डल्फिन सफा र गहिरो पानीमा विचरण गर्न मन पराउँछन्। चार दिनसम्म चल्ने गणना दुई विधिबाट सम्पन्न हुने बताइएको छ। सन् २०१२ मा ११ र २०१७ मा १७ डल्फिन देखिएपछि डल्फिनको संरक्षणलाई आरक्षले प्राथमिकता दिएको थियो। त्यसयता वार्षिक गणनाको अभ्यास थालिएको हो। आरक्षको तथ्यांकअनुसार २०२२ मा १७, २०२३ र २०२४ मा समानरूपमा १९ डल्फिन गणना गरिएको थियो। राष्ट्रिय प्रकृति संरक्षण कोषका कोशी प्रदेश संयोजक वीरेन्द्र गौतमले यस वर्ष डल्फिनको संख्या बढ्नसक्ने अनुमान व्यक्त गरे।

---

**प्रदेश सरकार**
**सुदूर पश्चिम प्रदेश**
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**

## महाकाली प्रादेशिक अस्पताल

**महेन्द्रनगर, कंचनपुर**

### बोलपत्र स्वीकृती सम्बन्धी आशयको सूचना

सूचना प्रकाशित मितिः (२०८२/०२/१९ (2nd Jun, 2025)

महाकाली प्रादेशिक अस्पतालबाट तपशिलमा उल्लेखित कार्यका लागि मिति २०८१।१२।०३ गते प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दाखिला हुन आएका बोलपत्रहरूमध्ये न्यूनतम् मूल्यांकित सारभूतरूपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ र सोही ऐनको दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि न | कामको विवरण र ठेक्का नम्बर | सारभूतरूपमा सफल बोलपत्रदाताहरु | कबोल अंक (मु अ कर बाहेक) |
|---|---|---|---|
| १ | Supply, delivery, installation and commissioning of Mobile C-arm machine at Mahakali Provincial Hospital , Kanchanpur (IFB No. MPH/NCB/G/2081/082/05 | Balaji Surgical Suppliers Dhangadhi 4, Kailali | ७३१८०००।०० |

**डा अर्जुन भट्ट**
**निमित्त मेडिकल सुपरिटेन्डेन्ट**

---

**Melauli Municipality**

## Office of The Municipal Executive

**Melauli, Baitadi**
**Sudurpaschim Province, Nepal**

### First Notice for Invitation of Sealed Quotation

**Date of publication: 2082/02/19 (2nd June, 2025)**

Melauli Municipality Office of The Municipal Executive Melauli, Baitadi invites Electronic Sealed Quotation through PPMO's e-procurement system https://www.bolpatra.gov.np/egp from eligible Suppliers for the Supply and delivery of following goods mentioned below.

| S. N | Name Of Project | Contract ID | Estimated Amount (Excluding VAT ) | Bid Security (NRS) | Last Date and Time of Bid Submission | Date Place of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1 | Supply and Delivery of Sanitary Pad | 15/SQ/SDP/ 2081/082 | NRs. 1564601.868 | NRs. 50,000/- | 2082/03/02 (16th June 2025) 12:00 Noon | 2082/03/02 (16th June 2024) 1:00 Noon |

Bank Information

| Name Of Bank | Office Account Name & Numbers | Biding Document Cost |
|---|---|---|
| Kumari Bank Limited, Melauli Branch Melauli Baitadi | **For Bid Document (GA.1.1 Aantarik Rajaswa Khata) A/C No: 2710247109400012**<br>**For Bid Security (GA.3 Dharauti Khata) A/C No: 2710247109400004** | 1. NRs.1000.00/- (One Thousand Only) |

For More Details Contact No, 9848719246 Or May Visit PPMO e-GP System At **www.bolpatra.gov.np/egp.**

---

**साउदीमा रोजगार**

कम्पनी : **PANAMA CAFE BEVERAGE ESTABLISHMENT**

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324780 | चलानी नं. ६०२३८७९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1200 | ४३,७७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २६ गते (9th June 2025) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

---

**साउदीमा रोजगार**

कम्पनी : **INFRASTRUCTURE HORIZON CONTRACTING COMPANY.**

पूर्व स्वीकृति मिति : २०८१/११/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/१८ | LT. No. 319639 | चलानी नं. ६०२३३८८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Workers | 7 | 0 | 1000 | ३६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २६ गते (9th June 2025) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

---

**साउदीमा रोजगार**

कम्पनी : **ABDULLAH SAAD BIN ABDULLAH AL ZAHRANI DECORATION EST**

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324920 | चलानी नं.६०२३८८४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FurnitureFixer/Carpentry | 3 | 0 | 1200 | ४३,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **GULF DIMENSIONS TRANSPORTATION EST.**

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324919 | चलानी नं.६०२३८८४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६५,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **Dar Al-Naheet Contracting Establishment**

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324918 | चलानी नं.६०२३८८४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 9 | 0 | 1000 | ३६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **Riyadh Kingdom Trading and Contracting Company**

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324916 | चलानी नं.६०२३८८४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 7 | 0 | 1800 | ६५,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SAM UNITED TRANSPORT AND LOGISTICS COMPANY ONE PERSON**

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324915 | चलानी नं.६०२३८८४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 3 | 0 | 1800 | ६५,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २६ गते (9th June 2025) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

---

**मधेश प्रदेश सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**प्रदेश वन निर्देशनालय**

## डिभिजन वन कार्यालय,सर्लाही

**लालबन्दी, सर्लाही**

### विषय : बोलपत्र स्वीकृतिको आशय सम्बन्धि सूचना

**प्रकाशित मिति २०८२/०२/१९**

यस डिभिजन वन कार्यालय मिति २०८२/०१/०३ गते शिलबन्दी दर भाउ पत्र प्रणाली मार्फत देहाय बमोजिमका निर्माण कार्य खरिदका लागी शिलबन्दी दर भाउ पत्र आह्वानको सुचना भई तोकीएको म्यादभित्र दर्ता हुन आएका शिलबन्दी दर भाउ पत्रहरु खोली मुल्याङ्कनका लागी मुल्याङ्कन समितिमा पेस भएकोमा उक्त मुल्यांकन समितिको मिति २०८१/१/२२ गतेको निर्णायानुसार तपशिल बमोजिमका बोलपत्रदाताको कुल कबोल अंक न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले तपशिल बमोजिमको बोलपत्र छनोट भई स्वीकृत हुने प्रकियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्वन्धित सरोकारवालाहरुको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

| ठक्का नं. | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम र ठेगाना | कबोल अंक (मू.अ.क. सहीत) |
|---|---|---|---|
| DFO/Sarlahi/SBQ/ WORKS/02-81-82 | Construction of shed house in DFO compound lalbandi | आस्तुती निर्माण सेवा लालबन्दी-२,सर्लाही | १७८४१२६.६४ |

**डिभिजनल वन अधिकृत**

---

नेपाल सरकार
**भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**

## मालपोत कार्यालय, काभ्रेपलाञ्चोक

**धुलिखेल**

### मालपोत कार्यालय काभ्रेपलाञ्चोकको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना !

प्रकाशन मिति : २०८२/०२/१९ गते

काभ्रेपलाञ्चोक जिल्ला साविक पिपलटार गा.पं.वडा नं.४ बस्ने खड्ग भक्त शर्मा खरेलले साविक फलाटे वडा नं.१ कि.नं. ६४० क्षेत्रफल।५।८ माटो मुरी जग्गाको मोही रामविर तामाङ रहेकोमा निजले २०४५/०२/१५ मा छोडपत्र गरी जग्गा जोतभोग गर्न छोडेको हुँदा तपसिलमा उल्लेखित कित्ता जग्गा बेपत्ते मोही लगतकट्टा गरी पाऊँ भनी यस कार्यालयमा निवेदन दिएकोमा यस कार्यालयबाट निज रामविर तामाङको नाममा २१ दिने म्याद जारी गरिएकोमा निजका एकाघरका १६ वर्ष उमेर पुगेका परिवारले म्याद बुझ्न नमानेकोले घरदैलेमा टाँस भई म्याद तामेल भै आएको हुँदा मोही रामवीर तामाङको नाममा यो ३५ दिने सूचना जारी गरिएको छ, यो सूचनाका म्यादभित्र मोही लगतकट्टा गर्न नपर्ने भए आफ्नो प्रमाणसहित आफैं वा कानून बमोजिम वारेस गरी पठाउनु होला अन्यथा माग बमोजिम भै जानेछ, म्यादभित्र उजुर वा दावी नपरी म्याद गुजारी बसेमा कानून बमोजिम हुनेछ। म्याद नाघी आएको दावी उजुरी माथि कुनै कारवाही नहुने व्यहोरा सूचना मार्फत जानकारी गराइन्छ।

| जिल्ला/ न.पा./गाविस | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाम | जग्गा धनीको नाम |
|---|---|---|---|---|---|
| काभ्रेपलाञ्चोक/ पिपलटार फलाटे | १ | ५१० ६४० | ।१।१।२ ।५।८ | रामबिर तामाङ | ध्रुवराज खरेल र खड्गभक्त शर्मा खरेल |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# यातायात व्यवसायीको उल्टो बुद्धि

विश्व अहिले प्रविधिमैत्री बन्दै गएको छ । जसका कारण उपभोक्ता सचेत बन्दै गएका छन् । कुनै पनि सामानको उपभोग्य मूल्य कति हो सहजै गुगल गरेर थाहा पाउँछन् । अझ व्यवसायी पनि यति पारदर्शी बन्दै गएका छन् कि सेवाग्राहीलाई आफूतिर तान्न सक्दो सस्तो सेवा प्रदान गर्न तयार हुँदै छन् ।

यसरी नै अहिले विभिन्न अनलाइन प्लेटफर्म भित्रिँदै छ नेपालमा । विकसित देशले धेरै अघि स्वीकार गरिसकेको यस्तो प्लेटफर्म नेपालीलाई भने अझै स्वीकार्न मुस्किल भइरहेको छ । निश्चित क्षेत्रमा आफ्नै मनोमानी, सिण्डिकेट कायम राखिरहेका परम्परागत व्यवसायी र व्यापारी नयाँ व्यापारी र व्यवसायीलाई डिम्कन दिँदैनन् । कुनै समय यस्तो थियो अरनिको यातायातको सवारीसाधन सञ्चालन हुने स्थानमा माइक्रो बस व्यवसायी पस्नै पाउँदैनथे । माइक्रो बस चलाउँदा भिरबाट गुल्टाइदिन्थे । नियमित चल्ने बसभन्दा छिटो गन्तव्यमा पुऱ्याउनेगरी सुरू गरिएको यस्ता माइक्रो अरनिको यातायातको शत्रु किन बन्यो ? कारण एउटै थियो, उसको बेथिति, कमजोरी र ठगी उपभोक्ताले थाहा पाउँदै गए ।

अहिले गण्डकी सरकारले सर्वसाधारण यात्रीलाई सजिलो हुनेगरी राइड सेयरिङसम्बन्धी नियमावली ल्यायो । पर्यटकीय क्षेत्र पोखराका लागि यो निकै सुखद् विषय थियो । लग्जरी, भरपर्दो र सहज सवारीले पर्यटकमा सही सन्देश पनि जान्छ । अझ राइड सेयरिङ एपले पर्यटकलाई सुलभ मूल्यमा सेवा पनि दिन्छ । यद्यपि, राइड सेयरिङ एप भएका सवारीबाहकले पनि बदमासी भने नगरेका हैनन् ।

उनीहरु 'अफलाइन'मा बस्ने, बार्गेनिङ गरी चर्को भाडा असुल्न पनि पछि पर्दैनन् । सार्वजनिक यातायात नपुग्ने ठाउँमा राइड सेयरिङ एप प्रयोगकर्ताले यस्तो बदमासी गर्छन् । यस्तो अवस्थामा पर्यटक होस् या सर्वसाधारण सार्वजनिक यातायात नै प्रयोग गर्छन् । तर सार्वजनिक यातायात व्यवसायीले आफूले निर्धारण गरेको रुटबाटै यात्रु हिँड्नपर्ने, आफूले तोकेको शुल्क नै तिनुपर्ने शैलीमा अहिले जुन किसिमको विरोध गरिरहेको छ यो विल्कुलै समयानुकूल छैन ।

स्वतन्त्र बजारमा जोसुकैले व्यवसाय गर्न पाउँछ । रातो नम्बर प्लेटको सवारीसाधनलाई राइड सेयरिङको अधिकार दिनुअघि पनि रिजर्भमा यात्रु बोक्ने र व्यवसाय गर्दै आएको सबैलाई जगजाहेरै छ । बरु यसखाले अधिकार र अनुमतिले रातो प्लेट पनि राजस्वको दायरामा आउने छ र सार्वजनिक यातायात व्यवसायीसँग स्वच्छ प्रतिस्पर्धा हुने छ । त्यसैले यातायात व्यवसायीले प्रविधि र स्वच्छ प्रतिस्पर्धा स्वीकार्दै आन्दोलन फिर्ता लिनु जायज हुन्छ । सर्वसाधारणलाई दुःख दिएर यही माग राख्दै आन्दोलनमा उत्रनु उल्टो बुद्धि सिवाय अरू केही हुन्न ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# स्पा र वेलनेस पर्यटनमा नेपालको भविष्य



■ सुरेश पुरी

> नेपालमा वेलनेस पर्यटनको भविष्य उज्ज्वल छ । यसले न केवल स्वास्थ्य र आराम प्रदान गर्छ, तर यसले नेपालको अर्थतन्त्र र पर्यटन उद्योगलाई पनि बढावा दिन्छ । नेपाललाई वेलनेस पर्यटनको गन्तव्यको रूपमा विकास गर्न सकिन्छ । यसका लागि सरकार, निजी क्षेत्र र स्थानीय समुदायको सहयोग आवश्यक छ । यसलाई व्यवस्थित, गुणस्तरीय र दिगो बनाउन स्पष्ट नीति, मापदण्ड, तालिम र अनुगमनका लागि यो निर्देशिका अत्यन्त आवश्यक छ ।

स्पा र वेलनेसको अवधारणा मानव सभ्यताको प्रारम्भदेखि नै विद्यमान रहेको पाइन्छ । प्राचीन समयदेखि नै मानिसहरू प्राकृतिक स्रोतहरू जस्तै तातोपानी, जडीबुटी, ध्यान, योग र जल चिकित्साको माध्यमबाट आफ्नो शारीरिक, मानसिक र आत्मिक स्वास्थ्य सन्तुलनमा ध्यान दिने गर्दथे । आजको युगमा मानिसहरुको जीवन अत्यन्तै व्यस्त र तनावपूर्ण हुने गरेको छ । कामको तनाव, अनियमित खानपान र अपर्याप्त आरामले गर्दा मानिस विभिन्न शारीरिक र मानसिक स्वास्थ्य समस्याबाट पीडित छन् । यसको समाधानको उपायको रूपमा विश्वभर स्पा र वेलनेसलाई लिन थालिएको छ ।

मेसोपोटामिया, मिश्र र भारतमा परम्परागत चिकित्सा पद्धति र प्राकृतिक उपचारको अभ्यास प्राचीनकालदेखि चलिआएको छ । प्राचीन भारतमा आयुर्वेद र योगलाई शरीर, मन र आत्माको सन्तुलनका लागि उपयोग गरिन्थ्यो । ग्रीस र रोमन साम्राज्यमा तातोपानी स्नान अत्यन्त लोकप्रिय थिए । त्यहाँ स्नान, विश्राम र सामाजिक जमघट सँगसँगै स्वास्थ्य सन्तुलनमा जोड दिइन्थ्यो । चीन र जापानमा तातोपानी, अकुपञ्चर/अकुप्रेसरजस्ता प्राकृतिक उपचार पद्धति स्वास्थ्य सन्तुलनका लागि प्राचीनकालदेखि चलिआएका छन् ।

आजको २१औं शताब्दीमा स्पा र वेलनेस केवल स्वास्थ्य सेवाको रूपमा मात्र नभई खर्बौं डलरको विश्वव्यापी उद्योग बनेको छ । वेलनेस भन्नाले केवल रोगको अभावमात्र होइन, यो जीवनशैलीको एक सक्रिय प्रक्रिया हो, जसले व्यक्तिलाई आफ्नै शरीर, मन र आत्मासँग जोड्न मद्दत गर्छ । डिजिटल जीवनशैली र मानसिक समस्याको वृद्धि, दीर्घकालीन रोगको जोखिम र मानिसको स्वास्थ्यप्रतिको सचेतनाले वेलनेस र स्पा सेवाको माग विश्वव्यापीरूपमा बढेको पाइन्छ । दिगो वेलनेस पर्यटन, पर्यावरणमैत्री स्पा, चिकित्सकीय वेलनेस, स्वास्थ्य केन्द्रित चिकित्सा सेवा, परम्परागत र आधुनिक चिकित्सा संयोजनजस्ता नयाँ विधा विकसित भएका छन् । कोभिड-१९ महामारीपछि मानसिक स्वास्थ्य, रोगप्रतिरोधात्मक क्षमतामा वृद्धि/समष्टिगत तन्दुरुस्तताप्रति विश्वभर नयाँ चासो देखिएको छ । त्यसैले मानिसहरू शारीरिक, मानसिक, भावनात्मक र आध्यात्मिक सन्तुलनको खोजीमा छन् ।

## नेपालमा स्पा र वेलनेस

नेपाली सन्दर्भमा वेलनेस भन्नाले 'कल्याण' हो, जसले शारीरिक, मानसिक, भावनात्मक, सामाजिक र आध्यात्मिक पक्षहरूको सन्तुलनलाई जनाउँछ । यो अवधारणा नेपालमा नयाँ होइन, यसको जरा हाम्रो परम्परागत आयुर्वेद, योग, ध्यान, जडीबुटी उपचार र प्राकृतिक जीवनशैलीमा गहिरोरूपमा जोडिएको छ । देशका विभिन्न स्थानमा रहेका तातोपानी कुण्डलाई प्राकृतिक जलचिकित्साको रूपमा लिने गरिन्छ । नब्बेको दशकपछि होटलहरुमा स्पा सेवाको थालनी भएको पाइन्छ । फूलबारी रिसोर्ट एण्ड स्पा नेपालकै पहिलो स्पा रिसोर्ट थियो । वि.सं. २०५० सालतिर काठमाडौं र पोखराका केही होटलमा विदेशी पर्यटकलाई लक्षित गरी स्पा सेवा सुरु भयो । अहिले भने नेपालभर स्पाको संख्या एक हजारभन्दा बढी पुगेको छ ।

नेपाली समाजमा शारीरिक स्वास्थ्य, मानसिक स्वास्थ्य र सामाजिक सन्तुलनलाई महत्त्व दिइन्छ । यसले वेलनेसको व्यापक अर्थलाई समेट्छ । आफ्नो प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा र परम्परागत उपचार पद्धतिलाई उपभोग गरी वेलनेस गन्तव्यको रूपमा स्थापित गर्न सकिने सम्भावना छ । पछिल्लो १५-२० वर्षमा निजी क्षेत्रको अग्रसरताले यो क्षेत्रलाई व्यावसायिकरूपमा अघि बढाएको छ र वेलनेस पर्यटनलाई नेपालको पर्यटन क्षेत्र विविधीकरण गर्ने अवसरको रूपमा हेरिन थालेको छ । नेपालका अधिकांश लक्जरी होटल तथा रिसोर्टले अहिले स्पा र वेलनेस सेवा दिइरहेका छन् । यसमा अर्बौं रूपैयाँको लगानी र हजारौं व्यक्तिले रोजगारी पाएका छन् । हालका स्पा सञ्चालकले आफ्ना वर्षौंको अनुभव पाँचतारे होटलमा काम गर्दै वा विदेशी अन्तर ाष्ट्रिय चेन होटलबाट सिकेर सीप आर्जन गरेका हुन् ।

नेपालको प्राकृतिक सौन्दर्य, हिमालयको शान्त वातावरण र समृद्ध सांस्कृतिक विरासतले यसलाई वेलनेस पर्यटनका लागि एक आदर्श गन्तव्य बनाउँछ । विश्वभर बढ्दो वेलनेस पर्यटनको मागलाई मध्यनजर राख्दै नेपालले आफ्नो प्राकृतिक र सांस्कृतिक सम्पदालाई उपयोग गरी यस क्षेत्रमा आफ्नो पहिचान बनाउन ठूलो सम्भावना राख्दछ । अन्तर्राष्ट्रिय पर्यटक नेपालमा योग, आयुर्वेद र प्राकृतिक उपचारको अनुभव लिन आउँछन्, जसले गर्दा नेपालको पर्यटक आगमनमा उल्लेख्य वृद्धि र तिनको बसाइलाई लम्ब्याउन सकिन्छ । सँगसँगै यसले स्थानीय संस्कृति र परम्परालाई संरक्षण गर्छ र नेपाललाई विश्वको नक्सामा एक स्वास्थ्य र आरामको गन्तव्यको रूपमा स्थापित गर्न मद्दत पुग्दछ ।

## वेलनेसबाट हुने फाइदा

वेलनेस पर्यटनले नेपाललाई धेरै प्रकारका फाइदा दिन्छ । यसले पर्यटन उद्योगलाई बढावा दिनुको साथै स्थानीय अर्थतन्त्रलाई पनि मजबूत बनाउँछ । स्पा तथा वेलनेसको प्रवर्द्धनबाट व्यक्तिको शारीरिक तथा मानसिक स्वास्थ्यमा सुधारको साथै रोजगारी सिर्जना र मुलुकको आर्थिक समृद्धिमा योगदान पुग्दछ ।

स्वास्थ्यमा फाइदाः आधुनिक जीवनशैलीले मानिसलाई विभिन्न स्वास्थ्य समस्याबाट जोगिन गाहे बनाएको छ । तनाव, अनिद्रा, मांसपेशी दुखाइ र मानसिक अशान्तिजस्ता समस्या बढ्दै गइरहेका छन् । यसले विश्वभर मानिस आफ्नो शारीरिक, मानसिक र भावनात्मक स्वास्थ्य सुधार गर्न स्पा र वेलनेस सेवाको खोजीमा छन् । वेलनेस सेवाजस्तै मालिस, योग, ध्यान, आयुर्वेदिक उपचार र प्राकृतिक चिकित्साले मानिसलाई तनावमुक्त गर्न, शरीरलाई आराम दिन र मनलाई शान्त बनाउन मद्दत गर्दछ । यसले समग्ररूपमा समाजको उत्पादकत्व र जीवनस्तरमा पनि सुधार ल्याउँछ ।

वेलनेस पर्यटनले मानिसहरूको शारीरिक र मानसिक स्वास्थ्यमा ठूलो प्रभाव पार्छ । आयुर्वेदिक उपचार, योग, र ध्यानले तनाव, अनिद्रा र मांसपेशी दुखाइजस्ता समस्याको समाधान गर्छ । यसले नयाँ स्वास्थ्य चुनौतीजस्तै नेकटेक (टेक्नोलोजी प्रयोगबाट हुने गर्धन दुखाइ)को समाधानमा पनि मद्दत गर्छ । स्पाले शारीरिक र मानसिक स्वास्थ्य दुवैका लागि धेरै लाभ प्रदान गर्दछ । शारीरिकरूपमा यसले तनाव कम गर्न, रक्तसञ्चार सुधार गर्न र रोग प्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्दछ । मानसिकरूपमा, स्पाले विश्राम अनुभूति दिलाउने, चिन्ता र डिप्रेसन घटाउने तथा समग्र जीवन सन्तुलन बढाउने काम गर्छ ।

विश्वभर मानसिक स्वास्थ्य समस्याको वृद्धि, बढ्दो प्रतिस्पर्धा र तीव्र गतिमा बदलिँदो जीवनशैलीले वेलनेस पर्यटनप्रतिको माग उल्लेखनीय रूपमा बढाएको छ । पर्यटक यात्रा गर्दासमेत तनाव घटाउने र आफ्नो समग्र स्वास्थ्य सुधार गर्ने उपायको खोजीमा हुन्छन् । यस प्रवृत्तिले स्पा उपचार, योग रिट्रिट र अन्य समग्र अभ्यासलाई झन् लोकप्रिय बनाएको छ । मानिसहरू अब वेलनेसलाई केबल उपचारको रूपमा नभई जीवनशैलीको अंग बनाउँदै छन् । वेलनेसले शरीर र मनप्रतिको सजगता बढाउने, खानेकुरामा रुचि जगाउने, मध्यमस्तरको तनाव र व्यायामको सन्तुलन कायम राख्न मद्दत गर्ने हुँदा यो हाम्रो जीवनशैलीको नियमित भागको रूपमा रहेको छ ।

शारीरिक तन्दुरुस्तीः मसाज, तातोपानीजस्ता स्पा उपचारले मांसपेशीमा भएको तनाव हटाउन, दीर्घकालीन पीडा कम गर्न र जोर्नीहरूको गतिशीलता सुधार गर्न सहयोग गर्छन् । तातोपानी स्नान, विपरीत तापक्रमको पानी र मसाजले रक्तसञ्चार बढाउन सहयोग पुऱ्याउँछ । यसबाट शरीरभरि अक्सिजन र पोषक तत्व राम्रोसँग आपूर्ति गर्न मद्दत पुग्दछ । स्पा उपचारले शरीरबाट विषाक्त पदार्थहरू बाहिर निकाल्न सहयोग गर्छ, समग्र स्वास्थ्य सुदृढ गर्छ र रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउन सहयोगी हुन्छ । विशेषगरी मसाजजस्ता स्पा उपचारले मानसिक तनाव घटाएर विश्राम अनुभूति दिलाउँछ । निद्राको गुणस्तर र बानीमा सुधार पनि ल्याउँछ । स्पा उपचारले छालाको स्वास्थ्य सुधार गर्न सहयोग गर्छन्, जसले छालालाई उज्यालो, मृदु र आकर्षक बनाउँछ ।

मानसिक स्वस्थताः मसाज, अरोमाथेरापीजस्ता स्पा उपचारले तनाव हर्मोनको मात्रा घटाउँछ र मानसिक शान्ति अनुभूति गराउँछन् । स्पाको शान्त वातावरण र उपचारले मानसिक सन्तुलन कायम राख्न, चिन्ता र डिप्रेसनका लक्षण कम गर्न तथा खुसीको अनुभूति बढाउन सहयोग गर्छ । रक्तसञ्चार सुधार हुने भएकाले स्पा उपचारले मानसिक स्पष्टता, एकाग्रता र सोच्ने क्षमतालाई बढावा दिन्छ । स्पा उपचारले शरीरमा इन्डोरफिन्स, डोपामाइन/सेरोटोनिनजस्ता 'सुखद्' हर्मोनको उत्पादन बढाउँछ, जसले ऊर्जास्तर र 'मुड' सुधार गर्न मद्दत गर्छ । स्पामा समय बिताउँदा आत्महेरचाहको अनुभूति हुन्छ । यसबाट व्यक्तिले आत्मसम्मान र आत्मविश्वास बढाउँछ र सकारात्मक आत्मछविमा सुधार आएको अनुभूति गर्दछ ।

रोजगारी सिर्जनाः विश्वका धेरैजसो मुलुकमा वेलनेस पर्यटनको माध्यमबाट राज्यले राम्रो आम्दानी गर्नुको साथै स्थानीय रोजगारी सिर्जना भएको छ । नेपाल भ्रमणमा आउने पर्यटकलाई मात्रै लक्षित गरेको अवस्थामा पनि पर्यटकको वसाइ लम्ब्याउनुको साथै उनीहरुले खर्च गर्ने ठाउँ बन्नसक्छ ।

## चुनौतीहरू र समाधान

नेपालमा वेलनेस पर्यटनको विकासमा धेरै चुनौती छन् । यसका लागि सरकार, निजी क्षेत्र, र स्थानीय समुदायको सहयोग आवश्यक छ । पर्यटन मन्त्रालयले होमस्टे, होटल, र रिसोर्टका लागि मापदण्ड तयार गरेको भए पनि अहिलेसम्म स्पा र वेलनेस क्षेत्रका लागि मापदण्ड बनाएको छैन । विश्वभर लक्जरी स्पा र होटलमा अत्यधिक माग भए पनि, धेरै नेपाली युवालाई यो उद्योगबारे अझै पर्याप्त जानकारी छैन ।

नेपालमा स्पा र वेलनेस सेवाका लागि स्पष्ट मापदण्ड नहुँदा केही विकृति विसंगति देखिएका छन् । यसले गर्दा सेवाको गुणस्तरमा असर पर्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)ले मसाज थेरापी, योग र सौन्दर्य चिकित्साको प्रशिक्षण दिन सकेको छ । सिटिइभिटीले वेलनेससम्बन्धी पाठ्यक्रम तयार गरी त्यसअनुसार जनशक्ति तयार गर्न सकिएमा रोजगारीको अवसर विस्तार हुने छ ।

## निष्कर्ष

नेपालले वेलनेस पर्यटनमा सफल हुन धेरै कदम चाल्न आवश्यक छ । नेपाल र विश्व बजारमा स्पा तथा वेलनेस क्षेत्रमा रोजगारीका अवसर निकै आकर्षक बन्दै गएका छन् । यो क्षेत्रमा दक्ष जनशक्तिको माग उच्च छ र तलब पनि प्रतिस्पर्धात्मक छ । नेपालका अधिकांश स्पा व्यवसायी पनि कहिल्यै न कहिल्यै स्पा व्यावसायिक भएरै आफ्नो 'करिअर' सुरु गरेका थिए । यो क्षेत्रमा व्यवसायी बन्ने अवसर पनि सजिलो छ, किनभने सीप, अनुभव र लगनशीलताबाट नै यो उद्योगमा सफल हुन सकिन्छ । युवाले स्पा तथा वेलनेसलाई गम्भीररूपमा लिएर आफ्नो भविष्यको 'करिअर'को रूपमा हेर्नु आवश्यक छ, किनभने यो क्षेत्रले देशभित्र र विदेशमा उत्कृष्ट रोजगारी र व्यावसायिक सम्भावना प्रदान गर्छ ।

नेपालमा वेलनेस पर्यटनको भविष्य उज्ज्वल छ । यसले न केवल स्वास्थ्य र आराम प्रदान गर्छ, तर यसले नेपालको अर्थतन्त्र र पर्यटन उद्योगलाई पनि बढावा दिन्छ । नेपाललाई वेलनेस पर्यटनको गन्तव्यको रूपमा विकास गर्न सकिन्छ । यसका लागि सरकार, निजी क्षेत्र र स्थानीय समुदायको सहयोग आवश्यक छ । यसलाई व्यवस्थित, गुणस्तरीय र दिगो बनाउन स्पष्ट नीति, मापदण्ड, तालिम र अनुगमनका लागि यो निर्देशिका अत्यन्त आवश्यक छ । नेपाल सरकारले अन्य पर्यटन क्षेत्रझैं वेलनेस पर्यटनका लागि छुट्टै निर्देशिका तत्काल लागू गर्नुपर्ने आवश्यकता छ । *रासस*

*(लेखक नेपाल स्पा तथा वेलनेस संघका अध्यक्ष तथा ट्रांक्विलिटी स्पाका कार्यकारी निर्देशक हुन्)*

## पाठक मञ्च

# देश उत्थान र समाज विकासमा युवाको भूमिका

युवा देशका संरचनात्मक र कार्यात्मक ढाँचा हुन् । हरेक देशको सफलताको आधार युवा पुस्ता र उनीहरूका उपलब्धिहरू हुन् । देशको भविष्य युवाहरूको सर्वांगीण विकासमा निहीत हुन्छ । त्यसैले युवाले देश निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् । युवा शक्ति देश र समाजका आधार हुन् । समाजलाई सबभन्दा राम्रो बनाउन र राष्ट्र निर्माणमा युवाहरूको नै सर्वाधिक योगदान रहने गर्दछ । युवाले देश र समाजलाई नयाँ उचाइमा पुऱ्याउँछन् । युवाहरूले राम्रो भविष्यका इमान्दार र विकासवादी सोचका प्रतिनिधि छनोटमा पनि महत्त्वपूर्ण भूमिका खेलिरहेका हुन्छन् ।

युवाशक्तिमा विगतका उपलब्धि, मान्यता तथा आस्था र विश्वास, वर्तमानका समस्याहरूलाई सुल्झाउन तिनलाई हेर्ने दृष्टिकोण र समाजका भावना, आकांक्षाहरूलाई सपना बुन्ने क्षमता हुन्छ । जुनसुकै देशमा युवाशक्तिले समाजको जीवनमूल्य, सभ्यता र सांस्कृतिक सम्पदाको प्रचारप्रसार र सम्बर्द्धन गर्छ भने युवा शक्तिले नै सुसंस्कृत समाजको निर्माण गर्छ । त्यसकारण हरेक युवामा आदर्श व्यक्तित्व, नेतृत्वको गुण, जिम्मेवार नागरिकको कर्तव्य र स्वयंसेवी भावना, राष्ट्रप्रतिको माया, प्रेरणादायी विचारसहितको उच्च भावना, सांस्कृतिक आधार, स्वाभिमान, त्याग तथा आत्म गौरवको भावना हुनुपर्दछ । किनभने, प्रगतिशील समाज निर्माणमा सबैभन्दा बढी योगदान युवाहरूको हुन्छ । युवा वर्ग समाजको भविष्य हुनुका साथै समाजको विकासका महत्त्वपूर्ण अंग पनि हुन्, उनीहरू प्रगतिशील समाज र उन्नत समाजका अनिवार्य अक्ष हुन् । कठिन परिस्थितिसँग जुध्ने क्षमता युवामा मात्रै हुन्छ, उल्टो प्रवाह र प्रतिगमनलाई उल्ट्याउन सक्ने साहस युवामामात्रै हुनसक्छ, त्यसैले युवा शक्तिलाई सधैं सही दिशातर्फ उत्प्रेरित गर्नुपर्छ ।

युवाशक्तिको सक्रियतालाई समाजको विकासमा प्रयोग गर्ने हो भने यो शक्तिले अद्भूत काम गर्न सक्छ । आजसम्म युवाहरू चुनौतीको सामना गर्नबाट कहिल्यै पछि हटेका छैनन् । तर समाज परिवर्तनका लागि युवाहरूको उचित मार्गदर्शन हुनु जरुरी छ । समाजसेवाको काम सजिलो छैन । यो आफैंमा ठूलो काम हो । यसलाई एकैसाथ पूरा गर्न सकिँदैन । यो महान् कार्यमा युवाले आफ्नो योग्यता र क्षमताअनुसार सहभागी हुन सक्छन् । समाजमा सामाजिक, आर्थिक र नवप्रवर्तनमा युवाहरूले महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । समाजमा व्याप्त कुप्रथा र अन्धविश्वासको अन्त्यका लागि उनीहरू सहयोगी साबित हुन सक्छन् ।

युवालाई सही दिशामा प्रयोग गर्ने देशहरू बढी विकसित हुन्छन् । युवाको मनको ऊर्जा र चमकले राष्ट्रका लागि मशालको काम गर्छ । तर कुनै पनि देशमा युवाहरूलाई पछाडि पारियो भने ती देश असफल हुन्छन् । विकसित देशहरूको पछाडि युवाहरूको तागत र लागतको महत्त्वपूर्ण भूमिका हुन्छ । त्यसकारण युवाहरूलाई देशको सम्पति ठानेर उनीहरूका आवश्यकताहरू पूरा गर्नु, शिक्षा, रोजगारी, मनोरञ्जन जस्ता गतिविधिहरू, आदि प्रदान गर्नुपर्दछ । यस्तो स्वस्थ र प्रतिस्पर्धात्मक वातावरणबाट मात्रै युवाले देशको समग्र विकासमा आफ्नो क्षमता लगाउन सक्छ ।

समाज विकास भनेको सामाजिक, आर्थिक, राजनीतिक, भौतिक, सांस्कृतिक र वातावरणीय अवस्थामा सकारात्मक रूपमा परिवर्तन हुनु हो । यो निरन्तरण चलिरहने प्रक्रिया पनि हो । परिवर्तनका लागि समाजका सबै समुदायको सहभागिता हुन्छ तर परिवर्तनको इच्छा राख्ने र ऊर्जाशील युवावर्गको भने यसमा महत्त्वपूर्ण सहभागिता रहेको पाइन्छ । विकास प्रक्रियामा युवाहरूको सहभागिता अनिवार्य हुन्छ । युवाहरू शारीरिक हिसाबले मात्र सबल नभएर उनीहरूमा सकारात्मक सोच, सिर्जनात्मक कार्यमा लाग्ने क्षमता र समाज बदल्ने आँट हुने भएकोले उनीहरूको सहभागिता अपरिहार्य हुन्छ । युवाको प्रत्यक्ष सहभागिता र नेतृत्वमा सामाजिक, राजनीतिक, आर्थिक र प्राविधिक विकास सम्भव हुन्छ । युवाहरू सामुदायिक अभियानमा संलग्न भएर समाजको विकासमा योगदान दिन सक्छन् ।

युवाले अनेकौं ऐतिहासिक परिवर्तन गरेका छन् । युवाहरू आफ्नो तन, मन र समर्पणको भावले हरेक कार्य गर्दछन् । त्यसैले युवाहरूलाई विकासको पथमा प्रयोग गर्नु अति आवश्यक हुन्छ, जसबाट देशको विकास गर्न सकिन्छ । युवाहरूको प्रतिभाको पहिचान पनि गर्न सकिन्छ । एक शिक्षित युवाले आफ्नो शिक्षाको क्रममा देशको विकासको बारेमा पनि अध्ययन गर्दछ । देशको विकासलाई नै आफ्नो लक्ष्य बनाउँदछ । तर शिक्षा पूरा गरेपछि देश सेवाको अवसर नहुनेबित्तिकै ऊ अन्यत्र भड्किन थाल्छ । त्यसकारण युवाहरूलाई देश विकासमा लाग्ने वातावरण राज्यले तयार गरिदिनुपर्छ । उनीहरूलाई विशेष अवसर प्रदान गरी प्रतिभा तथा क्षमताको प्रयोग गरिनुपर्दछ ।

**– मिलन आफन्त**
**काठमाडौं**



**जोहाङ स्वास्थ्यचौकी** | गुल्मीको सत्यवती गाउँपालिकामा–६ स्थित जोहाङ स्वास्थ्यचौकीको जीर्ण भवन । उक्त स्वास्थ्य चौकीको भवन निर्माणको काम समयमा सम्पन्न नहुँदा स्थानीय वर्षौंदेखि जीर्ण र साँघुरो भवनबाट सेवा लिन बाध्य बनेका छन् ।
*तस्बिरः जनार्दन घिमिरे/रासस*

# बौद्धिक अपांगता भएका विद्यार्थीलाई आवासीय शिक्षा

**गलकोट (बागलुङ)–** बागलुङमा बौद्धिक अपांगता भएका बालबालिकालाई आवासीय सुविधासहित निःशुल्क अध्ययनको व्यवस्था मिलाइएको छ । बागलुङ नगरपालिका–४ उपल्लाचौरस्थित बागलुङ विशेष बाल कक्षा आधारभूत विद्यालय बौद्धिक अपांगता भएका विद्यार्थी अध्ययन गर्ने गण्डकी प्रदेशकै एउटा मात्रै विद्यालय हो ।

शारीरिक अपांगता भएका, बौद्धिक र सुस्त श्रवण क्षमता भएका विद्यार्थीलाई अध्यापन गराउने गरी वि.सं. २०४३ मा स्थापना भएको विद्यालयमा अहिले बौद्धिक अपांगता भएका विद्यार्थी मात्रै अध्ययनरत छन् । बहिरा विद्यार्थीलाई रामरेखा बहिरा आवासीय विद्यालय र शारीरिक अपांगता भएका विद्यार्थीलाई रामरेखा आधारभूत विद्यालयमा अध्ययनको व्यवस्था मिलाएपछि यस सामुदायिक विद्यालयमा बौद्धिक अपांगता भएका विद्यार्थीमात्रै अध्ययन गराउन थालिएको विद्यालयका प्रधानाध्यापक युक्तजंग राजभण्डारीले जानकारी दिए ।

बौद्धिक अपांगता भएका कास्की, पर्वत, म्याग्दी र बागलुङका ३५ विद्यार्थीले यस विद्यालयमा अध्ययन गरिरहेको राजभण्डारीको भनाइ छ । 'बौद्धिकरूपमा अपांगता भएका बालबालिका परिवारमा अपहेलनामा परेका हुन्छन्, उनीहरुलाई हुर्काउने, पालनपोषण गर्ने र सामान्य शिक्षा दिने काम यस सामुदायिक विद्यालयले गर्छ,' राजभण्डारीले भने, 'वि.सं. २०५३ मा आफ्नै विद्यालय भवन र २०६६ मा 'होस्टेल' निर्माण गरिएको थियो, अहिले आवासीय रूपमा २२ विद्यार्थी बस्दै आएका छन् भने १३ जना विद्यार्थी घरबाटै विद्यालय आउने-जाने गरेका छन्, उनीहरुलाई एकदेखि ५ कक्षासम्मको शिक्षा दिइन्छ ।'



उनले विद्यालयले नै अभिभावकको जिम्मेवारी निभाउन निकै कठिन रहेको र विभिन्न सामाजिक संघसंस्थाको सहयोगले आवासीय विद्यार्थीलाई खान, बस्न र लत्ता कपडाको जोहो भइरहेको बताए । विद्यालयमा तीन शिक्षक र तीन कर्मचारी कार्यरत रहेका छन् ।

वि.सं. २०४३ मा स्थापना भएको विद्यालयमा २०५३ मा ब्रिटिस वेलफेयरले विद्यालयको भवन निर्माण गरेको थियो भने २०६६ मा प्लान नेपालले होस्टेल निर्माण गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुरेशप्रसाद श्रेष्ठले जानकारी दिए । यस विद्यालयमा चार वर्षदेखि १८ वर्षसम्मका बौद्धिक अपांगता भएका विद्यार्थीले अध्ययन गरिरहेका छन् । श्रेष्ठका अनुसार विद्यालयमा विभिन्न सामाजिक संघसंस्था तथा पुण्य तिथि, जन्म दिन र शुभकार्यको अवसरमा खाद्यान्न, लत्ताकपडा सहयोग प्राप्त भइरहेको छ ।

'विद्यालयमा अझै भौतिक पूर्वाधारको अभाव छ, बौद्धिक अपांगता भएका विद्यार्थीलाई सम्हाल्नै समस्या हुन्छ, अभिभावकले विद्यालयलाई जिम्मा लगाउँछन्, केही अभिभावकले दसैं र तिहार बिदामा आफ्ना छोराछोरी घर लैजान मान्दैनन्,' श्रेष्ठले भने, 'उनीहरुको खानपान, लत्ता कपडादेखि सरसफाइसम्मको काम विद्यालय कर्मचारीले नै गर्दा निकै समस्या छ, हामीले सेवाको भावले काम गरिरहेका छौं, गण्डकी प्रदेशमै यस्तो प्रकृतिको विद्यालय छैन, हामीहरु बौद्धिक अपांगता भएकाबाहेकका अन्य विद्यार्थीलाई अध्यापन गराउदैनौं ।'

बौद्धिक अपांगता भएका विद्यार्थीलाई बागलुङ विशेष बाल कक्षा आधारभूत विद्यालय उपल्लचौरमा अध्यापन गराइँदै आइएको छ भने देशभरका ५४ जिल्लाका बहिरा विद्यार्थीलाई बागलुङ-१ रामरेखास्थित धौलागिरि बहिरा आवासीय विद्यालयमा अध्यापन गराइँदै आइएको छ । *रासस*

# छ महिनापछि घर फर्किए तिंकरवासी

■ नरेन्द्रसिंह कार्की

**दार्चुला–** दार्चुलाको उत्तरी सिमानामा अवस्थित तिंकर गाउँमा स्थानीयहरु छ महिनापछि गाउँ फर्किएका छन् । गत मंसिरमा चिसो छल्न गाउँ छोडेर खलंगा झरेका ७० परिवार पुनः गाउँ फर्किएका हुन् ।

गएको मंसिरमा कठोर जाडो छल्न गाउँ छाडेका यहाँका स्थानीयवासीहरू वैशाख अन्तिम सातामात्रै पुनः फर्किएका छन् । 'छ महिनापछि फर्कंदा आफ्नो घरको ढोका देवीदेवता भरोसामा जस्ताकोतस्तै रहेछ,' स्थानीय जसपाल तिङकरीले भने, 'छोडिएका घरका ताला खुलेका छन् ।' गाउँलेहरु घर फर्किएपछि अहिले गाउँमा चहलपहल बढेको छ । तिंकर पुग्न नेपालकै भूमि भएर जान सकिने गोरेटो बाटो छैन । स्थानीयहरू भारतको बाटोहुँदै कठिन यात्रा गरी गाउँ पुगेका छन्, वडा नं १ का सदस्य एवं तिंकरका स्थानीय हितेश बुढाथोकीले भने, 'आफ्नै भूमि भएर गाउँ फर्किन नपाउँदा नरमाइलो लाग्छ ।' आफ्नो गाउँ जान भारतीय अनुमति लिनुपर्दा अपमानित महसुस हुने गरे पनि समयमै पूर्वाधार निर्माणमा ढिलाइ गर्दा यहाँका नागरिकले सास्ती खेप्नुपरेको छ ।

केही वर्षअघि तिंकर पुग्न नेपाली गोरेटो बाटो प्रयोग हुन्थ्यो । गोरेटो बाटो मर्मतमा ध्यान नजाँदा स्थानीयले केही वर्षदेखि आफ्नै गाउँ फर्किन भारतीय भूमि र भारतीय अनुमतिको भर पर्नुपरेको छ । व्यास गाउँपालिका अध्यक्ष मंगलसिह धामी भन्छन्, 'व्यास गाउँपालिका-१ को छाङ्रु-तिंकर जोड्नेगरी पटक-पटक बजेट नगएको भने होइन । तर नियमन निकायको अभाव भयो । बजेटको सही प्रयोग हुन नसक्दा यो बाटो कहिल्यै बनेन ।' तत्कालीन जिल्ला विकास समिति, गाउँविकास समितिमार्फत बजेट गयो । २०७४ मा स्थानीय सरकार बनेपछि गाउँपालिकाले लगानी गर्‍यो । गत वर्ष पनि बाटो मर्मतसम्भारमा करोड खर्च भयो । तर बाटोको अवस्था उस्ताको उस्तै छ ।

विगतमा केही ठाउँमा भारतीय सडक निर्माणका क्रममा नेपालतिरको बाटो अवरुद्ध भएको स्थानीयबासी बताउँछन् । ठाउँठाउँमा भारतले महाकाली नदी किनारैकिनार सडक बनाउँदा बाँध बाँधिदिँदा नेपालतर्फको बाटो क्षति हुन पुगेको छ । केही ठाउँमा पहिरो गएपछि बाटो अवरुद्ध भयो । तम्बाकुलगायत क्षेत्रमा नेपालतिर नदीले पूरै कटान गरेपछि पूर्णरूपमा बाटो बन्द भएको वडाध्यक्ष योगेश बोहरा बताउँछन् ।



नेपालतिर बाटो नबनेकै कारण व्यासका नागरिकमात्र होइन, व्यासमा कार्यरत सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० गुल्म, इलाका प्रहरी कार्यालय छाङ्रु, बिओपी तिंकर तथा सीमा चौकी तिंकरी प्रहरीलगायतले भारतकै बाटोको भर पर्नुपरेको छ । सरकारले विशेष अनुदानअन्तर्गत चालु आर्थिक वर्षमा पाँच करोड ५० लाख रूपैयाँ बजेट पठाएको भए पनि बोलपत्रमा ढिलाइ हुँदा बाटो बन्न सकेन । निर्माण कम्पनी छनोटमा भएको ढिलाइले गाउँपालिकाले केही दिन अघिमात्रै निर्माण कम्पनी छनोट गरेको छ ।

२०७७ जेठ ७ गते सरकारले चुच्चे नक्सा जारी गर्दा स्थानीय निकै खुसी थिए । 'भूगोल नआए पनि नक्सामा हाम्रो भन्ने अधिकार पाएको महसुस गर्‍यौं,' स्थानीय जसमल बुढाथोकीले सुनाए, 'अब चाँडै आफ्नै देश भएर आवतजावत गर्ने वातावरण बनोस् ।' यहाँका बासिन्दा वर्षको आधा समय खलंगामा र बाँकी समय तिंकरमा बस्ने गर्छन् । उनीहरुको भाषामा यसलाई 'कुञ्चा' सर्नु भनिन्छ । कुञ्चा भनेको सौका समुदायको भाषामा बसाइँसराइ हो । समुद्र सतहबाट तीन हजार ३०० मिटर उचाइमा अवस्थित यस गाउँमा हिउँदको समयमा छ फिटभन्दा बढी हिउँ पर्ने हुँदा बस्न सकिँदैन तिंकरी भन्छन् । चिसो छल्न उनीहरू परिवार, पशुचौपाया, खाद्यान्नसहित खलंगातिर सर्छन् ।

चिसो मौसम भएका कारण छ महिना गाउँ सुनसान हुन्छ । घरका ढोकामा चाबी लगाइएको हुन्छ । तिंकरीले थपे, 'अहिलेसम्म गाउँमा चोरी भएको घटना छैन ।' यहाँका बासिन्दाको मुख्य जीविकोपार्जन कृषि, व्यापार र जडीबुटी संकलन हो । यहाँ फापर, उवा, काकनु, आलु गहुँजस्ता अन्नबाली उत्पादन हुन्छ । उनीहरू गाई, चौंरी, खच्चड, घोडा, बाखा पाल्छन् । अहिले गाउँ पुगेपछि स्थानीय आलु फापर, गहुँ, छर्ने तयारीमा छन् ।

यहाँ स्वास्थ्यचौकी नहुँदा वर्षको करिब छ महिना पनि उनीहरूलाई सामान्य रोग लाग्दा भारतमा पुग्नुपर्ने बाध्यता छ । धेरैले सिटामोल, दमलगायतका औषधि खलंगाबाटै आफूसँगै बोकेर लिने गर्छन् । व्यास-१ को छाङ्रुमा स्वास्थ्यचौकी छ । तर तिंकर गाउँबाट छाङ्रु आउनजान गर्न पाँच घण्टाभन्दा बढी समय लाग्छ । गाउँमा युवा नहुँदा कोही बिरामी परेमा बोक्ने मानिस पाउन पनि मुस्किल पर्छ । 'पहिले त कोही बिरामी हुँदा पनि चार-पाँच दिनपछि खबर पाउने अवस्था थियो,' बुढाथोकीले भने, 'गत वर्षबाट ल्याण्डलाइन र नेपाल टेलिकमको टुजी फोन सञ्चालन भएपछि केही सहज भएको छ ।'

यहाँको मौसम निकै चिसो हुने भएकाले चिसोका कारण बिरामी पर्ने जोखिम उच्च छ । वडासचिव विनोदसिंह बुढाथोकीका अनुसार तिंकरमा तीन-चार वर्षअघि निर्माण थालिएको स्वास्थ्य भवन अझै पूरा हुन सकेको छैन । 'समयमै बजेट नआउँदा स्वास्थ्य संस्था सञ्चालनमा आउन सकेको छैन,' उनले भने

चीनसँगको व्यापार खुला हुँदा तिब्बतसँग किनमेल गर्थे । पछिल्लो समय भने चीनबाट खाद्यान्न आउन रोकिएको छ । नेपालमामात्रै बसोबास गर्ने व्यासी सौका समुदायको मात्रै यहाँ बसोबास हुन्छ । परम्परागत घरहरुले सुन्दरता दिएको छ । तिंकर प्राकृतिक रूपमा अत्यन्त सुन्दर छ । फुलेका मनमोहक फूल, घर नजिकै देखिने नाउर जस्ता वन्यजन्तु, अपि हिमाललगायतका हिम ऋृंखलाहरु, सुदूरहिमाली जीवनशैलीले यहाँलाई विशेष बनाउँछ । सौका समुदायले आफ्नै भाषा 'रङ' बोल्छन् ।

### तिंकरमा प्रहरीको बसाइँ पनि छ महिनामात्रै

दार्चुलाको तिंकर क्षेत्रमा प्रहरी र सशस्त्र प्रहरीको बसाइ पनि अधिकतम छ महिनासम्म मात्र हुने गरेको छ । चिसो मौसमका कारण सुरक्षाकर्मीहरू स्थानीय जस्तै बसाइँ सर्नुपर्ने अवस्था आइपरेको हो । स्थानीयको कुञ्चा गाउँ पुग्नेबेला सशस्त्र प्रहरी तिंकर उक्लिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ५० गुल्मका गुल्मपति लिलीबहादुर चन्दले बताए । अहिले सशस्त्र प्रहरी बल नेपाल ४४ गण हेडक्वाटर दार्चुलाबाट प्रहरीको टोली तिंकरमा खटिएको छ । उनीहरू भारतीय बाटो हुँदै तिंकरको छायालेक बिओपी पुगेका हुन् । *रासस*


मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
**पूर्वाधार विकास कार्यालय, सप्तरी**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०८२/०२/१९)

यस कार्यालयबाट IFB NO.14/2081/82/IDO Saptari मिति २०८२/०१/१२ (25rd April, 2025) को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाअनुसार E–Bidding मार्फत आह्वान गरिएको बोलपत्रमा बोलपत्रदाताहरुबाट प्राप्त बोलपत्र मूल्याङ्कन हुँदा तपसिल बमोजिमका बोलपत्रदाताहरु न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| क्र. सं. | ठेक्का नं. | योजनाको नाम/विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १. | IDO/Saptari/ Works/NCB/ 48081/82 | सप्तरी तिरहुत न.पा.१ को सामूहिक खत्वे समुदायको भगवती मन्दिर निर्माण-२५ सप्तरी, तिरहुत न.पा.२ दयानन्द झा घरदेखि श्याम खंगको घरसम्म ५०० मि. ढलान कार्य-२५/श्री भवानी राधा प्रा.वि.गोइठीदेखि मुसहरी हुँदै बद्रि महतमान घर हुँदै ढोरवा चौकसम्म RCC ढलान नाला निर्माण-२५ | M/s Bajrangbali Construction, Lohajara, Saptari. | रु. ५३,३५,६२९.०० |
| २. | IDO/Saptari/ Works/NCB/ 49-081/82 | सप्तरी छिन्नमस्ता गा.पा.६ खुदिबखारी गाउँमा बेलगाछीदेखि झुलुङ्गे पुलसम्म सडक खाली गराई नालासहित ढलान कार्य-२५/छिन्नमस्ता गा.पा.वडा नं.६ को कोचाबखारी टोलमा स्वास्थ्य चौकी निर्माण-२५/छिन्नमस्ता वडा नं.६ कोचाबखारीमा सडक ढलान नाला निर्माण-२५ | M/s Das Construction, Rajbiraj-4, Saptari. | रु. ५६,०१,७६१.७५ |
| ३. | IDO/Saptari/ Works/NCB/ 50-081/82 | सप्तरी राजविराज न.पा.-१२ सियौन गाउँमा कपल रजकको घरदेखि भलुवाही नदीसम्म सडक निर्माण कार्य २५/सप्तरी राजविराज न.पा.-१३ बिसहरिया गाउँमा बिसहरिया गाउँदेखि मा.वि.विद्यालयसम्म रो ढलान कार्य-२५/सप्तरी, राजविराज न.पा.-१२ दमावती गाउँमा डिहबार बाबाको मन्दिर जाने बाटो ढलान कार्य-२५ | M/s Arman Construction Rajbiraj-02, Saptari. | रु. ५०,१४,४७२.६३ |
| ४. | IDO/Saptari/Works/ NCB/51-081/82 | छिन्नमस्ता वडा नं.३ सखडा सडक ढलान तथा नाला निर्माण २५/ छिन्नमस्ता वडा नं.३ सखरा रामजानकी मन्दिर पुनः निर्माण-३० | M/s Das Construction, Rajbiraj-4, Saptari. | रु. ३८,४१,७९४.५० |

नि. कार्यालय प्रमुख



**बटेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बटेश्वर, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**निःशुल्क जग्गा उपलब्ध गराउने सम्बन्धि सूचना**

**सूचना प्रकाशित मितिः २०८२/०२/१९**

यस बटेश्वर गाउँपालिकाको वडा नं.–३ मा रहेको श्री जनशक्ति माध्यामिक विद्यालयलाई भवनलगायतका संरचना निर्माणका लागि करिब १२ कट्ठा जग्गा आवश्यकता भएकोले जग्गा प्राप्त गर्ने प्रकृया अगाडी बढाउने भनी गाउँ कार्यपालिकाको मिति २०८२/०२/१३ मा निर्णय भएको हुँदा तोकिएको क्षेत्रमा निःशुल्क रुपमा जग्गा दान गर्न इच्छुक महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र तपसिल अनुसारको कागजात संलग्न राखी आफ्नो प्रस्ताव सहितको निवेदन यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

**जग्गा आवश्यक भएको क्षेत्रः**
१. श्री जनशक्ति माध्यामिक विद्यालय रहेको छेउ वा आसपासको क्षेत्र

**पेश गर्नुपर्ने आवश्यक कागजातः**
१. प्रस्ताव सहितको निवेदन
२. जग्गा धनी पुर्जाको प्रतिलिपी
३. जग्गा देखिने फिल्ड बुकर ट्रेस नक्साको प्रतिलिपी
४. भूमि कर वा मालपोत तिरेको रसिदको प्रतिलिपी
५. नागरिकता प्रमाणपत्रको प्रतिलिपी

**सर्तहरुः**
१. जग्गा माथि तोकिएको क्षेत्रमा हुनुपर्नेछ ।
२. एकभन्दा बढी ब्यक्तिहरूले जग्गा दिन मन्जुर भएमा कुन जग्गा लिने/नलिने भन्ने अन्तिम निर्णय गर्ने अधिकार गाउँपालिकाको कार्यालयमा रहनेछ ।
३. यो सूचना प्रकाशित भएपछि निःशुल्क जग्गा प्राप्त नभएमा गाउँपालिकाको कार्यालयले जग्गा प्राप्तिको लागि अन्य प्रकृया अबलम्बन गर्न सक्नेछ ।

**प्रमुख प्रशासकिय अधिकृत**

# प्रभाव दैनिक

रूपशाला

सोमबार, १९ जेठ, २०८२ (Monday, June 02, 2025)


## वरिष्ठ साहित्यकार रसिकको निधन

वरिष्ठ सर्जक गणेश रसिकको ७८ वर्षको उमेरमा निधन भएको छ । ललितपुरको हरिशिद्धिस्थित नेपाल क्यान्सर अस्पतालमा प्रोस्टेट क्यान्सरको उपचार गराइरहेका उनको आइतबार बिहान ११ बजे निधन भएको हो । संगीतकार बुलु मुकारूङका अनुसार रसिककी छोरी बेलायतबाट फर्किएपछि उनको दाहसंस्कार गरिने छ । करिब पाँच दशकअघि 'लेकाली' समूहबाट गायन क्षेत्रमा आएका रसिकले कवि, गीतकार, संगीतकार, लेखक, निबन्धकार र नियात्राकारका रूपमा परिचय बनाएका थिए ।



# संगीतकार संघको नयाँ कार्यसमिति चयन



**काठमाडौं (प्रस)**– संगीतकार संघ नेपालमा अष्ट लामाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरिएको छ । संघको १३औं वार्षिक साधारणसभा तथा सातौं अधिवेशनबाट १३ सदस्यीय नयाँ कार्यसमिति चयन भएको हो ।

संगीतकार लामाको अध्यक्षतामा चुनिएको नयाँ कार्यसमितिमा वरिष्ठ उपाध्यक्ष राजेश थापा, प्रथम उपाध्यक्ष शंकर थापा स्माइल, द्वितीय उपाध्यक्ष राजेन्द्र बजगाईं, महासचिव दिनेश वान्तवा राई, सचिव दीपक शर्मा र कोषाध्यक्ष योगेन्द्र उपाध्याय चयन भएका छन् ।

सदस्यहरुमा बबिना भट्टराई, हरि सायमी, कमलीकान्त भेटवाल, तारावीर पाण्डे, अर्जुन कौशल रहेका छन् । एक जना सदस्य पछि मनोनीत गरिने जनाइएको छ । संगीतरत्न शम्भूजित बासकोटा संस्थापक अध्यक्ष रहेको यस संघमा लक्ष्मण शेष, शान्तिराम राई, पारस मुकारुङ र चेतन सापकोटा अध्यक्ष भइसकेका छन् ।

अध्यक्ष लामाले आफू अध्यक्षमा सर्वसहमत चयन भएसँगै आफ्ना कार्यकालमा सम्पन्न गर्ने आठबुँदे कार्ययोजना सार्वजनिक गरेका छन् ।

# गण्डकी लोकताराका प्रतियोगी छानिए

**काठमाडौं (प्रस)**– लोक तथा दोहोरी गीत प्रतिष्ठान गोरखा शाखाले 'गण्डकी लोक तारा' का लागि प्रतियोगी छनोट गरेको छ । प्रतियोगी छनोट कार्यक्रम काठमाडौंस्थित डाँफे लाइभ दोहोरी स्टुडियोमा गरिएको थियो ।

गायक तथा सर्जक प्रतिष्ठान गोरखा शाखाका पूर्वअध्यक्ष शिव केसीको संयोजकत्वामा कार्यक्रम गरिएको थियो । प्रतियोगी छनोट कार्यक्रममा गायिका हरिमाया गुरुङ, गायिका सरिता अधिकारी, विजेन्द्र नौवाघे निर्णयक रहेका थिए ।

गण्डकी लोक तारा कार्यक्रम संगीत दिवसका दिन असार ७ गते पोखरामा हुने छ । जसमा दोहोरी गीत प्रतिष्ठान गोरखा शाखाबाट गायक पवनश्री परियार छनोट भएका छन् । छनोट प्रक्रियामा रेश्मा तामाङ, अमिस उपरकोटी, टीका गुरुङ, विजय परियार, सन्तोष थापा, देवनारायण मगर, नारायण खड्का लगायत कलाकारको उपस्थिति रहेको थियो ।



# चलचित्र 'महाभोज' ३० जेठबाट प्रदर्शनमा आउँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** सहकारी अपचलनसम्बन्धी कथामा आधारित चलचित्र 'महाभोज' यही जेठ ३० गतेदेखि देशभर प्रदर्शन हुने भएको छ । निर्देशक दिनेस राउतका अनुसार यसअघि यही जेठ १५ गते प्रदर्शन गर्ने निर्णयसहित प्रचारप्रसार भए पनि सहकारीसम्बद्ध संघ/संस्था र पीडितको नाममा सहर कन्द्रित विरोध कार्यक्रम हुन थालेपछि रोकिएको सो चलचित्र जेठ ३० गते प्रदर्शन हुने भएको हो ।

सहकारीपीडितको आन्दोलनका कारण मुलुकमा असहज परिस्थिति सिर्जना भइरहेको अवस्थामा सोही विषयमा निर्माण गरिएको चलचित्र प्रदर्शन गर्दा थप समस्या आउनसक्ने विश्लेषणसहित निर्माण समूह, वितरक र प्रदर्शकसँगको छलफलपछि नयाँ मिति तय गरिएको चलचित्रका निर्देशक राउतले स्पष्ट गरे ।




'देशको बदलिंदो अवस्थाका कारण केही दिनलाई प्रदर्शन रोक्दै नयाँ मिति घोषणा गरेका हौं । चलचित्र हेर्न आउने दर्शकको सुरक्षालाई ख्याल गरी उक्त कदम उठाउन बाध्य भएका थियौं । यद्यपि पछिल्लो केही दिनको अवस्था हेरेपछि हामी चलचित्र प्रदर्शन गर्न सक्ने अवस्थामा छौं, महाभोज चलचित्र यही जेठ ३० गतेदेखि प्रदर्शन हन्छ,' उनले भने ।

उक्त चलचित्रमा अभिनेता दयाहाङ राई, आर्यन सिग्देल, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, गौमाया गुरुङ, वसुन्धरा भुसाल, मोहन निरौलालगायतका कलाकारले अभिनय गरेका छन् ।

सहकारीको नाममा ठगिएका सर्वसाधारणको पीडा, राजनीतिक पहुँचको आडमा गरिएको दुरूपयोग र सामाजिक असमानताका विषयवस्तुलाई सशक्तरूपमा उठाइएको चलचित्रको कथा विकास सुवेदीले लेखेका छन् । उक्त चलचित्रलाई 'क्लकवर्क क्रियसन' र 'पिक्चर फ्रेम' ले संयुक्त रूपमा निर्माण गरेको हो ।

## रंगशाला

# कर्णालीको पर्यटन प्रवर्द्धनका लागि खेलकुद प्रतियोगिता

**कर्णाली (प्रस)**– कर्णाली प्रदेशको राजधानी सुर्खेत वीरेन्द्रनगरमा खेलकुद प्रतियोगिता हुने भएको छ । यही जेठ २४ गते राष्ट्रियस्तरको महिला/पुरुष १० र १८ वर्षमुनिका विद्यालयस्तरीय बालबालिका सम्मिलित पाँच किलोमिटर 'मदन भण्डारी कप खुला सडक दौड प्रतियोगिता' हुने भएको हो ।

उक्त दौड प्रतियोगिताको आयोजना मदन भण्डारी स्पोर्टस् एकेडेमीले गर्ने भएको वीरेन्द्रनगरमा आइतबार आयोजित पत्रकार सम्मेलनमा एकेडेमीका कार्यक्रम संयोजक तेजविक्रम बस्नेतले जानकारी दिए । 'सबैका लागि खेल' नारासहित खेलकुदको प्रवर्द्धन र खेलाडीको प्रतिभा उजागर गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको उनले बताए ।

संयोजक बस्नेतका अनुसार १० किलोमिटर खुला दौड प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय, चौथो र पाँचौं स्थान हासिल गर्नेले क्रमशः ५० हजार, ३० हजार, २० हजार, १५ हजार र १० हजार रूपैया पुरस्कार पाउने छन् । त्यसैगरी, विद्यालयस्तरीय पाँच किलोमिटर दौडमा प्रथम, द्वितीय, तृतीय, चौथो र पाँचौं स्थान हासिल गर्नेले क्रमशः २० हजार, १५ हजार, १० हजार, पाँच हजार र तीन हजार रूपैयाँ पुरस्कार पाउने छन् ।

# 'स्वर्णकथा नेपाली फुटबलको' पुस्तक सार्वजनिक




**काठमाडौं (प्रस)**– नेपाली फुटबलको इतिहास समेटिएको 'स्वर्णकथा नेपाली फुटबलको' पुस्तक सार्वजनिक गरिएको छ । खेल पत्रकार हिमेशरत्न बज्राचार्यले लेखेको उक्त पुस्तक आइतबार यहाँ आयोजित एक कार्यक्रममा नेपाली राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान राजुकाजी शाक्यले लोकार्पण गरे ।

बुकहिलले प्रकाशन गरेको उक्त पुस्तकमा नेपाली फुटबलको सुरुआतदेखि १०० वर्ष लामो इतिहासका घटनाक्रम समेटिएको छ । पुस्तकमा नेपालले वि.सं. १९८४ र १९९३ मा दक्षिण एसियाली खेलकुद (साग) मा स्वर्ण जित्दाका क्षणहरू पनि समेटिएका छन् ।

नेपाली फुटबल इतिहास समेटेर लेखिएको यो पहिलो नेपाली पुस्तक हो । अखिल नेपाल फुटबल संघका महासचिव किरण राईले लेखकले फुटबलका घटनाक्रमलाई उत्कृष्ट तरिकाले प्रस्तुत गरेको बताउँदै नेपाली फुटबलमा पहिलो दस्तावेजका रूपमा यो पुस्तक भित्रिएको बताए ।

बुकहिलका भूपेन्द्र खड्काले फुटबलमा रुचि हुने हरेक पाठकका साथै विद्यालयस्तरका विद्यार्थीका लागि पुस्तक उपयोगी हुने बताए । एथ्लेटिक्स खेलकी धाविका सन्तोषी श्रेष्ठले हरेक क्षेत्रमा साहित्य महत्त्वपूर्ण हुने भन्दै नेपाली खेलकुदमा पनि खेल साहित्य लेखिनुपर्ने आवश्यकता औंल्याइन् । उनले लेखक बज्राचार्यको नाममै रत्न रहेको र रत्नले लेखेको स्वर्णकथा रत्नजस्तै राम्रो रहेको टिप्पणी गरिन् ।


## कुवेतमा रोजगार

कम्पनी : Kuwait Businessman Company For General Trading

पूर्व स्वीकृति मिति : २०८१/०९/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/१८ | LT. No. 315506 | चलानी नं. ६०२२९७७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 15 | 6 | 120 | ५३,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २६ गते (9th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1650/080/81
PRAKASH HUMAN RESOURCE PVT
Sinamangal-9, Shambhu Marg Kathmandu Nepal, T: +977-1-4560201
Email:- info@prakashhumanresource.com, Web: prakashhumanresource.com

## साउदीमा रोजगार

कम्पनी : ISAM KABBANI AND PARTNERS FOR CONSTRUCTIONS AND MAINTENANCE CO. L.L.C. DUBAI BRANCH

